**व्यक्तिगत विवरण सुरक्षित राखौं, साइबर अपराधबाट जोगिऔं**

- ह्वाट्सएप, इमो, भाइबर, मेसेन्जर लगायतका सामाजिक सञ्जालमा आएका शङ्कास्पद भिडियो वा अडियो कल नउठाऔं । त्यस्ता कल पटक–पटक आए ब्लक गरौं ।
- आफ्ना व्यक्तिगत विवरणहरू ( ओटिपी, युजर नेम, पासवर्ड, बैंक खाता नम्बर, पिन कोड, नागरिकता नम्बर, राहदानी नम्बर, जन्म मिति) कसैलाई साझा नगरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

epratekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
epratekdaily.com

❖ वर्ष ३७ ❖ २०८० मङ्सिर १८ गते सोमवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 December 04 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ९४

## परम्परागत मेलामा प्रहरी हस्तक्षेप, गोली चल्यो, एकजना घाइते

प्रस, पोखरिया, १७ मङ्सिर/

वीरगंज महानगरपालिका–१७ अलौंको सिवानटोलामा वर्षौंदेखि लाग्दै आएको महावीरी झन्डा मेलामा शनिवार राति स्थानीय र प्रहरीबीच विवाद बढेर झडप भएको र प्रहरीले झडप साम्य पार्न चार राउन्ड हवाई फायरिङ गर्नुपरेको थियो। धेरै वर्षदेखि सो स्थानमा पूर्णिमापछि मङ्सिर महीनामा महावीरी झन्डा मेला लाग्दै आएको र हिजो शनिवार मेलामा कुश्ती र नाचको कार्यक्रम गरिएको थियो। नाचमा विवाद हुन्छ भनेर प्रहरी चौकी श्रीसियाका इन्चार्ज प्रहरी वरिष्ठ नायब निरीक्षक टेकबहादुर कार्कीले साढे दश बजे राति बन्द गराउँदा विवाद बढेको थियो । वडाध्यक्ष सन्जु छतकुलीले प्रहरीलाई आफूसमेतले राति १२ बजेसम्म परम्परागतरूपमा हुने नाचगान गर्न दिन आग्रह गरेको तर प्रहरी साढे दश बजे नै गएर बन्द गराउन खोज्दा स्थानीयसँग विवाद भएको बताए ।



सीमावर्ती क्षेत्रको मेलामा झडप भएपछि संयुक्त गस्ती गर्दै जनपद, सशस्त्र र भारतीय एसएसबीका जवान। तस्वीरः प्रतीक

स्थानीय मेला समितिले परम्परागतरूपमा हुँदै आएको मेलामा अनावश्यक रोक लगाइएपछि स्थानीयले विवाद गरेको बताए । विवाद बढेपछि जिल्ला र आसपासबाट थप प्रहरी घटनास्थलमा पुगेको थियो । प्रहरीले गाउँलेहरूलाई तितरबितर पार्न शुरूमा लाठीचार्ज गरेको थियो भने पछि अश्रुग्याँस र पछि चार राउन्ड हवाई फायर गरेको थियो। हवाई फायरिङबाट एकजना भारतीय नागरिक घाइते भएको वडाध्यक्ष छतकुलीले बताए । उनले लाठीचार्ज र अश्रुग्याँसबाट पनि केही सामान्य घाइते भएको बताएका छन् ।

वीरगंज महानगरपालिका–१७ अलौंको सिवानटोला सीमावर्ती भारतको सिवानसंग जोडिएको छ। दशगजादेखि सय मिटर वर नेपालतर्फको सिवानटोलामा कार्यक्रम भएको हो। घटनामा स्थानीयले प्रहरी चौकी र सवारीसाधनमा क्षति पुर्‍याएको बताइएको छ ।

वडाध्यक्ष छतकुलीले सो मेलामा परम्परादेखि नै अबेर रातिसम्म कार्यक्रम हुने गरेको र प्रहरीको पनि साथ सहयोग रहँदै आएकोमा हिजो अग्रिम सूचनाविना प्रहरीले साढे दश बजे मेलामा नाच बन्द गराउँदा ठूलो सङ्ख्यामा रहेका स्थानीयले विरोध गरेको बताए । घटनाको बेला



झडपमा घाइते भएका भारतीय ।

आफू नरहेको र विवादले उग्ररूप लिएको सूचना थाहा पाएपछि आफू पुगेको उनले बताए । घाइते भारतीय नागरिकको आइतवार बिहान रक्सौलस्थित डङ्कन अस्पतालमा शल्यक्रिया गरिएको वडाध्यक्ष छतकुलीले बताए ।

## किसानहरू खेतीपाती छाडेर माछापालनतर्फ

ओमप्रकाश चौधरी, सेढवा, १७ मङ्सिर/

पर्सा जिल्लाका किसानहरू परम्परागत अन्न उत्पादनका खेतीपाती छाडेर माछापालन व्यवसायमा लागिपरेका छन्। इन्धनको मूल्यवृद्धि, बीउबिजन, रासायनिक मल, कीटनाशक औषधि, सिंचाइ समस्या, उत्पादित वस्तुको उचित मूल्य नपाउनेलगायत समस्याका कारण किसानहरूले अन्न उत्पादन गर्न त्यागेर अहिले माछापालनतर्फ आकर्षण बढाउन थालेका छन् । पटेर्वासुगौली गाउँपालिका–५ देउरिया निवासी किसान भागवती चौधरी धान, गहुँलगायतका अन्न बाली उत्पादनमा विभिन्न खाले समस्यासँग जुध्नुपर्ने भएकोले अहिले दुई बिघा खेतमा पोखरी खनी माछापालन गरिरहेको बताए। खेतीपाती गर्दा लगानी अनुसारको प्रतिफल नआउने, लगानी नै जोखिममा पर्ने र प्रगति गर्न नसकेर अहिले माछापालन व्यवसायमा लागेको बताए। कृषि कर्म अन्तर्गत अन्नबाली गर्दा मल, बीउबिजन, बजारीकरणको समस्यासँगै धेरैजसो युवा रोजगार गर्न विदेश पलायन भएकाले ज्याला मजदूरीका लागि झनै समस्या हुने गरेको बताए । यावत समस्याका कारण आफूले माछापालन व्यवसाय शुरू गरेको चौधरीको भनाइ छ ।

पर्सागढी नगरपालिका–३ बागवन्नाका किसान हरिन्द्र चौधरी पनि अन्न उत्पादन त्यागेर माछापालनमा लागिपरेका छन्। उनले अहिले ३० बिघा पोखरीमा माछापालन गर्दै आएको बताए। माछापालनबाट वार्षिक रु दुई करोडको कारोबार भइरहेको बताए । चौधरीले उत्पादित माछा पर्सा जिल्लाका साथै हेटौंडा, चितवन, काठमाडौं,



पोखरालगायतका शहर पठाउने गरेको बताए। उनले अन्नबालि वार्षिक दुईपटक र सिंचाइ सुविधा भएका स्थानहरूमा तीनपटक गर्दै आए पनि माछापालन भने वार्षिक चारपटक हुने गरेकाले पनि किसानहरू यसतर्फ आकर्षित भएको बताए । उनले चालू वर्षमा माछाको दानाको मूल्य बढेको तर माछाको मूल्य नबढेको भन्दै गुनासो गरे । उनले प्रतिकिलो रु २४ मा पाइने दाना अहिले दोब्बरी भएको बताए ।

छिपहरमाई गाउँपालिका–४ बन्जारीका नरेश साहले तीनअघि अन्य खेतीपाती छाडेर माछापालन व्यवसाय शुरू गरेको बताए । उनले पछिल्ला समयमा लोकल माछाको बजार बढ्दै गएको बताए । पर्सा र बारा जिल्लाका माछाहरूले बजार ढाँक्दै गएको र भारत आन्ध्र प्रदेशबाट आउने माछाको माग घट्दै गएपछि अहिले लोकल माछाको बजारमा एकक्षत्र राज भएको बताए । माछाको माग यति छ कि व्यापारीहरू पोखरीमैं खरीद गर्न पुग्ने गरेका उनले बताए। साहले पाँच बिघा जग्गामा पोखरी खनेर माछापालन गर्दै आएका छन् र वार्षिक बीस लाख बढीको माछाको कारोबार गर्दै आएको बताए ।

## कोल्हवीमा भीषण आगलागी, सप्रनाउको ज्यान जोगियो

प्रस, निजगढ, १७ मङ्सिर/

सशस्त्र प्रहरी सुरक्षा बेस नेपाल, विपत् व्यवस्थापन निजगढका प्रमुख एवं सशस्त्र प्रहरी नायब उपरीक्षक दिनेश शर्माले पुनर्जीवन पाएका छन्। कोल्हवी नगरपालिका–२ निकासस्थित खेतमा रहेको परालको ठूलो कुन्यूमा लागेको आगो निभाउन निजगढ बेसका सशस्त्र प्रहरी टोली, वारुणयन्त्रसहित घटनास्थल पुगेका सप्रनाउ शर्मा खेतमा रहेको गोबरग्याँसको टङ्कीमा डुब्न पुगेका थिए ।

निजगढ नगरपालिका–७ लच्काका स्थानीय गोपाल रिसाल आइतवार दिउँसो कामविशेषले कोल्हवी जाने क्रममा घटनास्थलमा पुगेपछि आगलागीको जानकारी मोबाईलद्वारा निजगढ बेसका सप्रनाउ शर्मालाई दिएका थिए। त्यसपछि सप्रनाउ शर्माले रिसाललाई आफू आगलागी भएको स्थानमा आइसकेको हात हल्लाएर सङ्केत गरेका थिए । त्यतिखेर उनी गोबरग्याँसको टङ्कीमा डुबिसकेका थिए र उनलाई



कोल्हवी–२ निकासस्थित खेतमा राखिएको परालमा लागेको भीषण आगलागी र खेतमा रहेको गोबरग्याँस टङ्कीमा डुबेर ज्यान जोगिएका सप्रनाउ शर्मा। तस्वीरः प्रतीक

रिसाललगायत अन्य व्यक्तिहरूले उद्धार गरेका थिए ।

उद्धारपछि सप्रनाउ शर्माको प्रतिक्रिया थियो, बाँच्न लेखेको रहेछ अनि मात्र बाँचें। त्यसपछि उनले सम्झँदै भने– तीनपटक युद्धग्रस्त मुलुक सुडानमा मिशन सफल बनाएर आएँ। तत्कालीन सशस्त्र माओवादी युद्धमा पिलीमा खटेको थिएँ तर केही पनि भएन । २०६२/६३ को दोस्रो जनआन्दोलनमा काठमाडौंमा थिएँ, केही भएन । मधेस आन्दोलनताका जनकपुरमा कार्यरत रहँदा पनि केही भएन। तर आज आगो नियन्त्रण गर्ने क्रममा एकाएक गोबरग्याँसको टङ्कीमा डुब्दा अचम्मित हुन पुगें, उनले भने ।

आगो नियन्त्रण गर्ने ध्याउन्नमा खेतमा रहेको गोबरग्याँसको टङ्की भएको भेउ नै पाउन नसक्दा झन्डै ज्यानै गएको उनले घटना सम्झँदै भने। परालमा आगो लागेकोले बस्तीसम्म आगो आउन सक्ने भयसँगै कोल्हवी नगरपालिका र निजगढ नगरपालिकाका दुईवटा वारुणयन्त्रले दिउँसो करीब ४ बजेदेखि लागेको आगोलाई राति ७ बजेसम्म नियन्त्रणमा लिने प्रयास भइरहेको ईलाका प्रहरी कार्यालय कोल्हवीले जनाएको छ ।

## आगलगीबाट लाखौं मूल्यको क्षति

प्रस, रौतहट, १७ मङ्सिर/

रौतहटको दुर्गाभगवती गाउँपालिका–४ पचरूखीमा आगलागी हुँदा लाखौं मूल्यको क्षति भएको छ ।

दुर्गाभगवती गापा–४ पचरूखी निवासी हरिनारायण महतो सुडी र



दीपेन्द्र महतो नुनियाको घरमा शनिवार मध्यराति आगलागी भएको थियो ।

विद्युत् सर्ट भएर आगलागी भएको बताइएको छ । आगलागीबाट सालको गोलिया, खाद्यान्नहरू जलेर लाखौं मूल्यको क्षति भएको परिवारजनले बताए ।

## ३९ वटा उद्योग बन्द, ३०१ वटा खुले

नितेश कर्ण, वीरगंज, १७ मङ्सिर/

घरेलु तथा साना उद्योग कार्यालय, पर्साका प्रमुख उद्योग अधिकृत धनञ्जयकुमार सिंहले चालू आव २०८०/८१ को चौमासिकमा ३९ वटा उद्योगको लगतकट्टा भएको र ३०१ वटा नयाँ उद्योग दर्ता भएको जानकारी गराएका छन् ।

कार्यालयकी सूचना अधिकारी सरिता खड्काले उद्योगतर्फ ३०१ वटा उद्योग दर्ता भएको, ३७८ वटा उद्योगको नवीकरण भएको, ३३ वटा उद्योगले पूँजीवृद्धि गरेको, १० वटा उद्योगको ठाउँसारी भएको, छवटाले नाम संशोधन गरेको, १५ वटाको नामसारी भएको, तीनवटाले शाखा विस्तार गरेको र ३९ वटा उद्योगको लगतकट्टा भएको बताइन्। उनले चौमासिक गणनामा ३०१ वटा उद्योगमध्ये १२९ वटा महिला उद्यमी र १९२ वटा उद्योग पुरुष उद्यमीको नाममा दर्ता रहेको बताइन् । नयाँ दर्ता रहेको उद्योगहरूमा ४०९ जना महिला र ९२९ जना पुरुषले रोजगार पाएको उनले जानकारी गराइन् । यो प्रक्रिया गर्दा कार्यालयलाई पहिलो चौमासिकमा रु २१ लाख ९१ हजार राजस्व सङ्कलन भएको सूचना अधिकारी खड्काले बताइन् ।

यसैगरी, वाणिज्यतर्फ ५३ वटा नयाँ फर्म दर्ता भएको, ११८ वटाको नवीकरण गरिएको, चारवटाको पूँजीवृद्धि, तीनवटाले ठाउँसारी गरेको, सातवटाको लगतकट्टा भएको र सातवटाको उद्देश्य थप भएको जानकारी गराएकी छन् । यो प्रक्रियाबाट कार्यालयमा एक लाख ५३ हजार राजस्व सङ्कलन भएको सूचना अधिकारी खड्काले बताइन् ।

## विचारसार र सूक्तिहरू

भौतिक पदार्थ साथमा नरहनाले पनि मनुष्य प्रसन्न रहन सक्छ। भगवान्‌ले यस्तै मनुष्यको सहायता गर्छन् ।


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | राजाप्रसाद कुर्मी (आरके) |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: eprateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# कमजोरी सुधारौं

युरोपेली सङ्घ (इयू) ले नेपाली विमानलाई कालोसूचीमा राखेको एक दशक भयो। सन् २०१० देखि २०१२ तीन वर्षको बीचमा नेपालमा पाँचवटा हवाई दुर्घटना भए । सन् २०१० मा अग्नि एयरको विमान मकवानपुरमा दुर्घटना हुँदा १४ जनाले ज्यान गुमाए। सन् २०११ मा तारा एयरको विमान ओखलढुङ्गामा दुर्घटना हुँदा २२ जनाको ज्यान गयो। सोही वर्ष बुद्ध एयरको विमान लतिलतपुरमा दुघर्टना हुँदा १९ जनाको मृत्यु भयो। त्यसैगरी, सन् २०१२ मा अग्नि एयरको विमान मुस्ताङको जोमसोममा दुर्घटना हुँदा १५ जनाले ज्यान गुमाए। सोही वर्ष सीता एअरको विमान भक्तपुरमा दुर्घटना हुँदा १९ जनाको ज्यान गयो। लगातारका हवाई दुर्घटनाले नेपाली आकाश र वायुसेवा असुरक्षित छ भन्ने पुष्टि गऱ्यो। यसैलाई आधार मानेर इयूले नेपाललाई हवाई उड्डयनको कालोसूचीमा राखिदियो। सन् २०१३ देखि इयूले नेपाली विमानलाई कालोसूचीमा राखेको हो। यो अझै कायम छ। यस वर्ष कालोसूचीबाट हट्छ भन्ने निकै चर्चा थियो। तर इयूले बितेको बुधवार नेपाल नागरिक उड्डयन प्राधिकरणलाई पत्र पठाउँदै आफ्नो आकाश खुला नगरिएको जनाएपछि पुनः निराश बनाएको छ।

प्रतिबन्ध लागेपछि नेपालका कुनै पनि वायुसेवा प्रदायक कम्पनीका जहाजले युरोपका २६ मुलुकका आकाशमा उडान भर्न पाएका छैनन्। इयूबाट पनि टर्किस एअरलाइन्सबाहेक अन्य वायुसेवा कम्पनीका जहाजले नेपालमा उडान भर्ने गरेका छैनन्। यो प्रतिबन्धले नेपालको नागरिक उड्डयन क्षेत्रलाई समस्यामा पारेको त छ नै, युरोपसँगको व्यापारमा पनि ठूलो क्षति पुगेको छ। नेपाली नागरिक उड्डयन क्षेत्रलाई युरोपेली सङ्घको प्रतिबन्ध सूचीबाट हटाउन लागिपरेको कुरा सरकार र जिम्मेवार मन्त्रीहरूले बारम्बार दोहोऱ्याउँदै आएका थिए। नियामक निकाय नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)ले केही दिनयता नेपाली आकाश र जहाज सुरक्षित रहेको देखाउन भरमग्दुर प्रयास गरिरहेको थियो। इयूको अडिट टोली नेपाल आउने जानकारी पाएपछि नेपाल सरकार र नागरिक उड्डयन प्राधिकरणमा निकै जाँगर चलेको भान भएको थियो। प्रतिबन्ध लागेको मुलुकको हवाई क्षेत्रको आवधिकरूपमा अडिट तथा निरीक्षण इयूले आफैं अनुगमन गरेर प्रतिवेदन सार्वजनिक गर्छ। यस क्रममा मुलुकका अर्थमन्त्री डा प्रकाशशरण महतले इयूका कमिश्नर जुत्ता उर्पियालिनेनलाई भेटेर नेपाललाई हवाई सुरक्षा चासोको सूचीबाट हटाउन आग्रह गरेका थिए। हवाई क्षेत्रमा धेरै सुधार गरिसकेको दाबी गर्दै निगम र सरकारले आआफ्नो तवरबाट इयूका पदाधिकारीहरूसँग भनसुन, अनुरोध गरेका थिए।

इयूले हाल जारी गरेको प्रतिवेदनमा नेपाल वायुसेवा निगमको संस्थागत कमजोरीहरू औंल्याउँदै निगमको नेतृत्व, प्रक्रियागत पद्धति तथा समग्र प्रणालीमा व्यापक सुधार गरिनुपर्ने सुझाव दिएको छ। सुरक्षा व्यवस्थापन प्रणाली पालना नगरेको, अनुगमनमा औंल्याएका कमीकमजोरी सुधार नगरेको, गुणस्तर सुधार नगरेको, उडान समयको निश्चितता, हवाई कागजात व्यवस्थापन तथा सुझाव कार्यान्वयनजस्ता पक्षमा गम्भीर कमजोरी रहेको, वायुयानको उडान योग्यता तथा क्षमता सम्बन्धमा गर्नुपर्ने आवश्यक नियमन तथा सुरक्षा चासोमा कमी देखिएको उल्लेख गरिएको छ। काम तथा जिम्मेवारीको सवालमा हाम्रो मुलुकमा जस्तो अरू मुलुकमा भनसुन, अनुरोध तथा मायामोह चल्दैन भन्ने कुरा इयूको प्रतिवेदनले सिकाएको छ। हुन पनि हवाई सेवा हजारौं यात्रुको जीवनसँग सम्बन्धित कुरा हो। अरूको अगाडि हात जोड्नुको साटो कमीकमजोरी सुधारतर्फ तदारूकता देखाउनु सबैको हितमा छ।

# विद्यालयमा अभिभावक परिचालन गर्ने उपाय

शिक्षा नेपाल




अनन्तकुमार लाल दास
anantlaldas@gmail.com


यसर्थ विद्यार्थीको समग्र विकासमा विद्यालय र अभिभावक दुवैको भूमिका महत्त्वपूर्ण हुने कुरामा सन्देह देखिंदैन। यी दुवैले आआफ्नो योजना अनुसार एकापसमा सहकार्य गरेर विद्यार्थीको सिकाइमा सकारात्मक योगदान पुऱ्याउन सक्छन्।

वर्तमानमा विद्यानलयहरू समाजको एउटा सम्पदाको रूपमा रहेको छ र सँगसँगै अभिभावकको सहयोग र समन्वयबेगर विद्यालयमा सुधार हुन सक्दैन भन्ने मान्यता स्थापित भइसकेको छ। यस परिप्रेक्ष्यमा आफूलाई राम्रो बनाउन चाहने विद्यालयहरूले कसरी अभिभावकलाई प्रभावकारीरूपमा परिचालन गर्न सक्छन् वा विद्यालय अभिभावक सम्बन्धमा के कस्ता अवसर तथा चुनौतीहरू छन् भन्ने कुरा बुझ्नु आवश्यक रहेको छ। जस्तोसुकै अभिभावक पनि आफ्नो सन्तानको राम्रो र उज्ज्वल भविष्य चाहन्छन्। उनीहरू विद्यार्थीले राम्रो प्रतिफल, सिकाइ उपलब्धि वा उत्कृष्ट परीक्षाफल हासिल गरेको हेर्न र सुन्न चाहन्छन्। औपचारिक शिक्षा, डिग्री वा विशेष तालीमप्राप्त नगरेका अभिभावकहरूसँग पनि मानवीय चेतना अवश्य हुन्छ। विद्यालयमा नियमित कक्षा सञ्चालन होस्, शिक्षकहरू सिपालु होस्, उनीहरू सहयोगी र मिजासिला होस् भन्ने चाहन्छन्। सँगसँगै आफ्नो सन्तान पढ्ने विद्यालय अन्य विद्यालयभन्दा राम्रो होस् र त्यसको नाम चलोस् भन्ने चाहन्छन्। व्यक्तिगत स्वभाव जस्तोसुकै भए तापनि आफ्नो सन्तानलाई केन्द्रमा राखेर उसको सफलता र राम्रो चाहने स्वभाव सबै अभिभावकमा हुन्छ। अभिभावकको यसै कुरालाई विद्यालयहरूले उपयोग गर्न सक्नुपर्छ।

विद्यार्थीलाई गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि सबैभन्दा आवश्यक तत्त्व हो, विद्यालयमा अभिभावकको सहभागिता र अभिभावकसँगको सहकार्य। अर्कोतिर विद्यालय र अभिभावक दुवैका चासोको विषय विद्यार्थीको विकास र सिकाइ रहेको छ। विद्यालयको पाटोबाट हेर्दा आफ्नो विद्यालयको प्रभावकारिताको लागि कसरी अभिभावकको सहयोगलाई परिचालन गर्ने भन्ने रहेको छ भने अभिभावकको पाटोबाट हेर्दा आफ्नो सन्तानको विकासमा विद्यालयसँग कसरी सहकार्य गर्ने भन्ने देखिन्छ। कैंयन विद्यालयहरूले अभिभावकसँग सहयोग लिनका लागि विशेष प्रयत्न गरिरहेको पनि देखिन्छ। त्यस्तै, सचेत अभिभावकहरूको सोचाइमा “के यो विद्यालयको क्रियाकलापबाट मेरो सन्तानको आवश्यकता पूर्ति भइरहेको छ” भन्ने रहेको छ। यसरी विद्यार्थी सिकाइका सन्दर्भमा विद्यालय र अभिभावक दुवैको सहकार्य महत्त्वपूर्ण हुने प्रस्ट छ।

विभिन्न अध्ययनहरूले विद्यार्थीको समग्र विकासमा परिवारको सामाजिक र आर्थिक पृष्ठभूमि तथा अभिभावकको संलग्नतालाई महत्त्व दिएको छ। अर्थात् विद्यार्थी जस्तो परिवारबाट आउँछ, परिणाम त्यस्तै हुन्छ। भन्न के खोजिएको हो भने पारिवारिक पृष्ठभूमिलाई यति महत्त्व दिइयो कि विद्यालयभित्र गरिने प्रयास परिवारसामु हलुका देखा पर्न थाल्यो। अर्थात् विद्यार्थी सिकाइ र विद्यालय विकासका लागि तयार गरिएको पाठ्यक्रम, प्रशिक्षण, शिक्षण प्रविधि र व्यवस्थापनका पक्षमा सुधारका लागि गरिने प्रयासहरू निरर्थक हुन् त भन्ने प्रश्न उठ्नु स्वाभाविक हुन जान्छ। त्यसपछिका अध्ययनहरूले के देखाएको छ भने पारिवारिक पृष्ठभूमि मात्र होइन, विद्यालयद्वारा गरिएका प्रयास, उसका रणनीति र समग्र अभ्यासले पनि विद्यार्थीहरूको सिकाइ उपलब्धिमा फरक पार्छ। केही अध्ययनहरूले विद्यालयभित्रको लगानी र प्रक्रियासम्बन्धी बेग्लाबेग्लै तत्त्वहरूलाई पनि उपलब्धिको निर्धारकको रूपमा प्रस्तुत गरेका छन्। तर केही शोधले विद्यालयमा अभिभावकको सहभागितालाई महत्त्व दिएका छन्।

हुनत अभिभावकले विद्यालयका लागि गर्न सक्ने सकारात्मक भूमिकाको दायरा सीमित छैन। कतिपय विद्यालयमा गरिएको अनुभवका आधारमा अभिभावकका केही भूमिकालाई यसरी उल्लेख गर्न सकिन्छ। अभिभावकहरू विद्यालयका लागि सुपरिवेक्षक, परीक्षक र निगरानीकर्ताको रूपमा काम गर्न सक्छन्। विद्यालय समय र क्षेत्रबाहिर शिक्षकको भूमिका निर्वाह गर्न सक्छन्। विद्यालयलाई आवश्यक पर्ने सहयोग उपलब्ध गराउन सक्छन्। शिक्षक र विद्यार्थीका लागि उत्प्रेरकको काम गर्न सक्छन्। विद्यालयको दीर्घकालीन सोच र रणनीति अनुसार चल्न सक्ने सारथिको रूपमा काम गर्न सक्छन्। आफ्नो दृष्टिकोण र योजना अनुसार विद्यालयलाई सुधार्ने नेताको रूपमा काम गर्न सक्छन्। विद्यालय संरक्षक र पृष्ठपोषकको रूपमा काम गर्न सक्छन्। विद्यालयमा सकारात्मक परिवर्तन र विकासका लागि दबाब समूहको रूपमा काम गर्न सक्छन्। स्थानीय पाठ्यक्रमका लागि डिजाइनकर्ताको रूपमा सहयोग गर्न सक्छन्। पाठ्यक्रम अन्तर्गत कतिपय स्थानीय सन्दर्भका विषयवस्तुका लागि स्रोतव्यक्तिको भूमिका निर्वाह गर्न सक्छन्। विद्यालय विकासको लागि आवश्यक नीति निर्माणमा सहयोग गर्न सक्छन्। विद्यालय, शिक्षक र विद्यार्थीबीच समन्वयकर्ताको रूपमा काम गर्न सक्छन्।

यस्ता महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने अभिभावकहरू विद्यालय वरिपरि हुँदाहुँदै पनि विद्यालयहरूले चाहे र खोजे जस्तो परिणाम हासिल गर्न सकिरहेका छैनन्। जुन विद्यालयहरूले उपर्युक्त भूमिकासहित अभिभावकहरूको सहयोग पाएका छन्, तिनका विद्यालय राम्रो भएका छन् र जसले पाएका छैनन्, तिनका विद्यालय बिग्रिएका छन् र बिग्रिंदैछन्। हुनत वीरगंजमा राम्रा र नराम्रा दुवैखाले विद्यालयहरू छन् र सबैखाले विद्यालयको एउटै समस्या छ, अभिभावकले चाहे जस्तो सहयोग गरिरहेका छैनन्। हुनत कतिपय विद्यालयहरूसँग प्रस्ट दूरदर्शिताको अभाव रहेको छ, जसले गर्दा उनीहरू अभिभावक र विद्यालय परिवारका हरेक सदस्यलाई विद्यालयको साझा उद्देश्यमा आबद्ध गर्न सकिरहेका छैनन्। कैंयन विद्यालयहरूले त सुरक्षित र भरपर्दो वातावरण नै निर्माण गर्न सकेका छैनन् अर्थात् पठनपाठनमा बाधा हुने सम्भावनालाई न्यून गर्न सकेका छैनन्। धेरैजसो विद्यालयमा बिहानको प्रार्थनासभा नै हुँदैन र जहाँ हुन्छन् पनि त्यहाँ जे हुनुपर्ने हो, त्यो भइरहेको छैन। अर्थात् त्यहाँ संस्कार, संस्कृतिको कुरा, देशभक्ति, मनोरञ्जनात्मक तरीकाले नियमित व्यायामको अभ्यास, देशको गुणगान, नियमित स्पीच, विद्यार्थीहरूको सहभागितामा नियमित सरसफाइ, कक्षाकोठा सजावट आदि गरिंदैन, जसले गर्दा विद्यार्थीहरूमा जीवनोपयोगी शिक्षाको अभाव भइरहेको छ। अर्थात् सिकाइ उपलब्धिमा विद्यालयहरूले जोड नदिई अर्थोपार्जनमा मात्र जोड दिइरहेका हुन्छन्।

त्यहीं अर्कोतिर केही अभिभावकहरू जो आफ्नो सन्तान पढिरहँदा विद्यालयका हरेक क्रियाकलापमा सहभागी हुन्छन्, उनीहरूमा आफ्ना बच्चा विद्यालयबाट निस्केपछि विद्यालयप्रति बेवास्ता गर्ने प्रचलन बढेको देखिन्छ। धेरैजसो अभिभावक स्वकेन्द्रित बन्दै गएका छन्, जसले गर्दा पनि विद्यालय र समाजबीच दूरी बढेको छ। त्यहीं खासगरी सामुदायिक विद्यालयका जिम्मेवार व्यक्ति अर्थात् विद्यालय व्यवस्थापन समितिले आफूले बोलेका र निर्णय गरेका कुराहरूलाई कार्यान्वयन गर्न वास्ता नगर्दा पनि समस्या बढेको छ। कतिपय शिक्षकहरू दलीय राजनीतिमा संलग्न भएकाले र दलगत संरक्षण प्राप्त भएकै कारण सिकाइप्रति जिम्मेवार छैनन्, जसले गर्दा विद्यालय सुधारका लागि गठन हुने कुनै पनि सङ्घमा राजनीतिक गुटबन्दी मात्र भइरहेको छ। कतिपय विद्यालयमा स्थापनाकालदेखि नै योगदान दिएका व्यक्तिहरू हुन्छन्, जो सम्मान खोजिरहेका हुन्छन् तर नेतृत्व परिवर्तन हुँदा त्यस्तो वातावरण नबन्न पनि सक्छ। यसले पनि विद्यालय र समुदायबीच खाडल बढाएको देखिन्छ।

त्यस कारण उचित भूमिकासहित अभिभावकहरूको परिचालन विद्यालयहरूका लागि अवसर र चुनौती दुवै रूपमा देखिएका छन्। विद्यालयमा अभिभावकको भूमिका सुनिश्चित गर्न कानूनीरूपमैं पनि कतिपय प्रावधानहरू राखिएका छन्। विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको गठन, सामाजिक परीक्षणको अनिवार्य व्यवस्था, विद्यालय सुधार योजना निर्माण र त्यसमा आधारित खर्च प्रणाली आदि यसका केही उदाहरणहरू हुन्। यी प्रावधानले मात्रै विद्यालयका लागि अभिभावक परिचालन वाञ्छनीय तहमा हुन सकेन। यही नै अहिलेको मूल समस्या पनि हो। यही समस्यालाई चिर्दै विद्यालयको समग्र उन्नति, प्रगति र समृद्धिका लागि अभिभावक परिचालन गर्न देहायका उपायहरू सहयोगी हुन सक्छन्।

विद्यालयले अभिभावकसँग निरन्तर सम्पर्क बढाउनका लागि विद्यालय–अभिभावक फोनिङ कार्यक्रम र अभिभावकलाई मनपर्ने कार्यक्रम जस्तै अभिभावक दिवसको आयोजना गरी विद्यालयमा अभिभावकको चासो बढाउन सकिन्छ। सम्मानित वातावरण खोज्ने र विद्यालयप्रति योगदान गर्ने अभिभावकको लागि सम्मान कार्यक्रमको आयोजना गरी निरन्तर विद्यालयप्रति जिम्मेवार बनाउन सकिन्छ। छोराछोरीको पढाइ सकिसकेका अभिभावकलाई बुबाआमा नभएका वा आफ्नो विद्यार्थीको अभिभावकत्व वहन गर्न कठिन भएका विद्यार्थीको अभिभावक बनाइदिने चलनको थालनी गर्नुपर्छ। “आज मेरो पालो” कार्यक्रम अन्तर्गत प्रत्येक दिन कम्तीमा एकजना अभिभावकसँग विद्यालयमा भेटघाट गरी छलफल र गुनासा राख्न सक्ने वातावरण मिलाउन सकिन्छ। क्षमतावान् अभिभावक जो शिक्षण पेशाबाट सेवानिवृत्त हुनुभएको छ, उहाँलाई प्रार्थनासभा वा कक्षामा स्रोतव्यक्तिको रूपमा प्रस्तुत गर्न सकिन्छ। यसैगरी, “मसान्त मन्थन” कार्यक्रम अन्तर्गत कुनै अभिभावकसँग विद्यालय सुधारको कुनै योजना छ भने मासिकरूपमा त्यस्ता अभिभावकहरूलाई चियापान अन्तर्गत विद्यालयमा बोलाइ उहाँको योजनालाई विद्यालयमा समावेश गर्न सकिन्छ। सामुदायिक समस्यामा विद्यालयले अग्रसरता देखाउने। शिक्षक–अभिभावक सङ्घ र व्यवस्थापन समिति समयसमयमा नमूना विद्यालयको भ्रमण अवलोकन गर्ने। अभिभावकसँग सचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिने। स्थानीय पेशा, व्यवसाय, सीप र संस्कृतिलाई विद्यालयमा सिकाउने वातावरण तयार गर्ने।

यसबाहेक बालबालिकासँग “एक दिने” कार्यक्रम अन्तर्गत अभिभावक र विद्यार्थीबीच छलफल गराउन सकिन्छ। विद्यालयका लागि “मिनेट दान” कार्यक्रम अन्तर्गत अभिभावकले विद्यालय भ्रमण गरी आफ्नो सुझाव विद्यालयलाई दिन सक्छन्। “म सक्छु” भन्ने कार्यक्रम अन्तर्गत अभिभावकले कसरी विद्यालयलाई सहयोग गर्न सक्छन् भन्ने गोष्ठीको आयोजना गर्न सकिन्छ। जन्मदिनमा “वृक्षारोपण” कार्यक्रम अन्तर्गत अभिभावकहरूले विद्यार्थीलाई वनस्पतिलाई जोगाउने र संरक्षण गर्ने प्रेरणा प्रदान गर्न सक्छन्। यसबाहेक पनि अभिभावकलाई सक्रिय बनाउनका लागि थुप्रै कार्यक्रम गर्न सकिन्छ। यी क्रियाकलापहरू कुनै शिक्षाविद्द्वारा प्रतिपादित होइनन्, न त कुनै पश्चिमी किताबबाट तयार पारिएका हुन्। यी समाजमा भोगेका अनुभव, बाह्य विद्यालय भ्रमण, अवलोकन र अनुभवबाट सिकेका पाठका आधारमा प्रतिपादित गरिएका हुन्।

यसर्थ विद्यार्थीको समग्र विकासमा विद्यालय र अभिभावक दुवैको भूमिका महत्त्वपूर्ण हुने कुरामा सन्देह देखिंदैन। यी दुवैले आआफ्नो योजना अनुसार एकापसमा सहकार्य गरेर विद्यार्थीको सिकाइमा सकारात्मक योगदान पुऱ्याउन सक्छन्। साथै पढेलेखेका अभिभावकले मात्र होइन, जोकोहीले पनि विद्यार्थीको सिकाइमा सघाउन सक्ने स्पष्ट छ। यस्तो योजना तयार गर्ने र परिचालन गर्ने सन्दर्भमा विद्यालयको तर्फबाट सकारात्मक प्रयासको खाँचो रहेको छ।

# एशियाली राजमार्ग : आसपासका रूखमा टाँचा लगाउन शुरू

झापा, १७ मङ्सिर/रासस

पूर्व–पश्चिम राजमार्गलाई एशियाली राजमार्गमा स्तरोन्नति गर्ने उद्देश्यले झापाको काँकडभिट्टादेखि लौकहीसम्मको ९५ किलोमिटर सडक आसपासका रूख कटान गरिने भएको छ। यसका लागि पहिलो चरणमा झापाबाट रूखको नम्बरिङ र मूल्याङ्कन गर्ने कार्य शुरू भएको छ।

जिल्लास्थित जिल्ला वन डिभिजन कार्यालय अन्तर्गतका मेचीनगर, कन्काई र दमक सबडिभिजन कार्यालयले सडकका रूखमा टाँचा लगाउने काम थालेको हो। सबडिभिजन कार्यालयले तीन खण्ड छुट्याएर आफ्नो क्षेत्रभित्रको राजमार्गमा रूखमा टाँचा लगाउन शुरू गरेका हुन्।

एशियाली विकास बैंक (एडिबी) र एशियाली इन्फास्ट्रक्चर इन्भेस्टमेन्ट बैंक (एआइइबी)को लगानीमा निर्माण हुन लागेको चार लेनको एशियाली राजमार्गका लागि रूख कटान गर्न गणना, नम्बरिङ र मूल्याङ्कनको काम शुरू गरिएको वन कार्यालयका अधिकृत ऋषिराज पराजुलीले जानकारी दिए। उनले वन विभागबाट प्राप्त भएको पत्रका आधारमा कार्यालय मातहतका सबडिभिजनका कर्मचारीलाई परिचालन गरेर काम गरिरहेको बताए।

मेचीनगर सबडिभिजन कार्यालयले काँकरभिट्टादेखि चारआलीसम्म, कन्काई कार्यालयले बिर्तामोडदेखि कन्काईसम्म र दमक कार्यालयले शिवसताक्षीदेखि दमक

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

# संसद्‌माथि सरकार हाबी हुँदा अपेक्षित नतीजा आएन –सांसद देवकोटा

काठमाडौं, १७ मङ्सिर/रासस

राष्ट्रियसभाका सांसद डा खिमलाल देवकोटाले व्यवस्थापिकामाथि कार्यपालिका हाबी हुँदा सङ्घीय संसद्‌ले अपेक्षित नतीजा दिन नसकेको धारणा



राखेका छन् । राज्यका अङ्गबीचको नियन्त्रण र सन्तुलन गुम्दा सरकार संसद्‌प्रति जिम्मेवार तथा जवाफदेही हुन नसकेको उनको विश्लेषण छ ।

“सरकार नै संसद्‌माथि हाबी छ । सरकार हाबी भएका कारण संसद् बलियो हुन नसकेको हो । यसलाई कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाको शक्ति सन्तुलन हुन नसकेको भनेर बुझ्न सकिन्छ,” सांसदसँग रासस संवादका क्रममा उनले भने, “संसद्‌ले सरकारलाई जिम्मेवार र जवाफदेही बनाउन सकिरहेको छैन । सरकारका गतिविधिको अनुगमन गर्ने अधिकार संसद्‌लाई छ । तर कुनै मन्त्रीलाई संसद्‌मा उभ्याएर जवाफ दिन लगाउन सकेको देखिंदैन । प्रश्न गरेको देखिंदैन ।”

सङ्घीय कानून निर्माणको गति सुस्त हुँदा पछिल्लो समय संसद्‌को विधायिकी भूमिकामाथि प्रश्न उठ्न थालेको छ । एकातिर नागरिकका अपेक्षा र जनजीविकासँग जोडिएका विषयको उठान तथा सम्बोधन संसद्‌मा नहुने र अर्कोतर्फ कानून निर्माणमा पनि गति नदेखिने भएपछि नागरिक तहबाटै व्यवस्थाप्रति वितृष्णा बढ्दो रहेको उनको बुझाइ छ ।

“सदन कमजोर छ। विधेयक आएका छैनन् । सांसद केवल हाजिर गरेर तलबभत्ता खाएर बसेका छन् भन्ने जनताको गुनासो छ । नतीजा दिन नसकेपछि जनताले गुनासो गर्नु स्वाभाविक हो,” देवकोटाले भने। सरकारलाई लगाम कस्ने संसद्‌मा सरकार र सत्तापक्ष दलको छाया देखिएको उनको बुझाइ छ। सरकार आफैंले विधेयक नल्याउने र सांसदबाट गैरसरकारी विधेयकसमेत आउन सक्ने अवस्था नरहेको उनको भनाइ छ ।

“हाम्रो संसद् दलसँग मात्रै जोडियो। सांसद जुन दलको सरकार छ, संसद्‌मा सांसद पनि दलभन्दा दायाँ–बायाँ नजाने भए। जस कारण संसद् एकदमै कमजोर भएको छ,” स्वतन्त्र सांसद देवकोटा भन्छन्, “संसद्‌लाई सरकारले विधेयक दिएर क्रियाशील बनाउने हो। तर संसद्‌ले सरकारलाई दोष दिएर विधेयक आएनन् भन्छन्। सांसद आफैंले पनि गैरसरकारी विधेयक ल्याउन सक्छन्। त्यस्ता विधेयक पनि आएका छैनन् ।”

सङ्घीय निजामती विधेयक, शिक्षा, कृषि, तीन तहको सरकारबीचका एकल र साझा अधिकारसँग सम्बन्धी विधेयक तत्काल बन्न आवश्यक देखिए पनि ती आउन नसकेको देवकोटाको भनाइ छ।

नेपालमा गैरसरकारी विधेयक ल्याउने चलन कम रहेको र त्यसका लागि संसद् सचिवालयले पनि प्राविधिकरूपमा सहयोग गर्न नसकेको उनको बुझाइ छ । आफूले संसद् सचिवालयलाई पछिल्लो एक वर्षदेखि एउटा गैरसरकारी विधेयक (प्राइभेट बिल) दर्ता गर्नुपर्‍यो भनेर भनिरहेको भएपनि सचिवालयले त्यसमा सहजीकरण नगरेको उनी बताउँछन् । बेलायत, अमेरिका, भारत, अस्ट्रेलियालगायत मुलुकको अभ्यास हेर्दा सांसद आफैंले पनि विधेयक दर्ता गर्ने गरेको देखिन्छ ।

सामान्यतः राष्ट्रियसभा (माथिल्लो सभा)लाई बौद्धिक व्यक्ति र विद्वत् वर्गको उपस्थिति रहेको थलोका रूपमा लिइन्छ। सरकार निर्माणमा माथिल्लो सदनको खासै भूमिका रहन्न । यस अर्थमा राष्ट्रियसभाको मुख्य भूमिका विधायिकी नै मान्न सकिन्छ। तर राष्ट्रियसभा पनि दलीय राजनीतिको कोपभाजन र सत्तापक्ष–प्रतिपक्षको छायाबाट मुक्त नभएको उनको भनाइ छ ।

**सङ्घीयतासहितको संविधानले जनताको घरदैलोमा अधिकार पुर्‍याएको छ । सेवाप्रवाहसँग जोडिएका संस्था तल्लो तहसम्म पुगेका छन् । तर नागरिकले अपेक्षा गरे अनुसारको सहज सेवाप्रवाह हुन नसकेपछि नागरिकस्तरबाटै सङ्घीयताप्रति वितृष्णा र गुनासो बढेको देखिन्छ । त्यसो हुनुको मुख्य कारण केन्द्र सरकारले प्रदेश र स्थानीय तहमा सरकारको अनुभूति नै गर्न दिएको छैन ।**

“प्रतिनिधिसभा र राष्ट्रियसभा दुवैको फरक भूमिका हुन्छ र काम गर्ने शैली पनि फरक छ । तर हामीकहाँ प्रतिनिधिसभा अवरुद्ध भयो भने राष्ट्रियसभा पनि चल्न दिइँदैन,” उनी भन्छन्, “त्यस कारण मैले पटक–पटक ‘प्रतिनिधिसभाको रिसले राष्ट्रियसभाको खाँबो उछिट्याउने काम नहोस्’ भनेर बोलेको छु ।”

संविधानले नै राष्ट्रियसभालाई कमजोर बनाएको पनि सांसद देवकोटाको अनुभव छ । प्रतिनिधिसभाबाट राष्ट्रियसभाबाट पठाइएका विधेयक फिर्ता पठाउन समय तोकिएको तर प्रतिनिधिसभाबाट राष्ट्रियसभामा पठाउनका लागि कुनै समयसीमा नतोकिएको राष्ट्रियसभाको भूमिका कमजोर देखिएको उनी बताउँछन् ।

“संविधानले नै राष्ट्रियसभालाई कमजोर बनाएको छ। प्रतिनिधिसभाबाट राष्ट्रियसभामा आएपछि अर्थ विधेयक १५ दिन र अरू विधेयकको ६० दिनमा फिर्ता गर्ने समयसीमा (डेडलाइन) छ । तर माथिल्लो सदनबाट तल्लो सदनमा पठाइएका विधेयकको कुनै डेडलाइन संविधानमा तोकिएको छैन । विधेयक तर्जुमामा यो समस्या छ,” सांसद देवकोटाले भने ।

राष्ट्रियसभालाई प्रदेश र स्थानीय तहको पनि सभा (काउन्सिल अफ सब–नेशनल गभर्मेन्ट)का रूपमा परिभाषित गर्छन्, सांसद देवकोटा। प्रदेश सांसद र स्थानीय तहका प्रमुख तथा उपप्रमुखले मतदान गरेर निर्वाचित भएका व्यक्ति राष्ट्रियसभामा आउँछन् । तर प्रतिनिधिसभाका सांसद जनताबाट प्रत्यक्ष निर्वाचित भएर आएका हुनाले जनताको घरदैलोमा जानुपर्ने हुन्छ। जनजीविकाका कुरामा बढी केन्द्रित हुनुपर्ने हुन्छ। यस अर्थमा पनि राष्ट्रियसभाका सांसद विशुद्धरूपमा विधायिकी भूमिका निर्वाह गर्नुपर्ने अवस्थामा छन् । जस कारण सरकारलाई जवाफदेही र उत्तरदायी बनाउनका लागि अझ बढी सशक्त भूमिका राष्ट्रियसभाले खेल्न सक्छ ।

“जनप्रतिनिधिले पनि निर्वाचित गरेको वा जनप्रतिनिधिको पनि प्रतिनिधि हुने थलो हो, राष्ट्रियसभा। प्रदेशका सांसद र पालिकाका प्रमुख उपप्रमुखले मतदान गरेर निर्वाचित गरिसकेपछि राष्ट्रियसभामा त उनीहरूको आवाज बोलिनुपर्ने हो,” उनी भन्छन् ।

सङ्घीय शासन प्रणालीको सबलीकरण र क्रियाशीलताका लागि राजनीतिक दल, तिनका शीर्षस्थ नेता र सरकारले पर्याप्त भूमिका खेल्न नसकेको सांसद देवकोटा बताउँछन् । “सदनलाई हाम्रा सांसद, राजनीतिक दल र सरकारले कमजोर बनाएको हो। दलले जे भन्यो सांसदले पनि त्यही मान्छन् । संसद्‌मा विधेयक आउँदैनन् । संसद्‌को अवमूल्यन हुन्छ,” उनी भन्छन्, “राष्ट्रियसभामा पनि त विधेयक दर्ता हुन सक्छन् । तर अधिकांश विधेयक प्रतिनिधिसभामा दर्ता हुन्छन् ।”

सांसद देवकोटाको स्पष्ट बुझाइ छ, चाहे स्थानीय तह, प्रदेश वा केन्द्र सरकार होस्, शासन लहडले नभई कानूनले चल्नुपर्छ। तर केन्द्र सरकार र सङ्घीय सांसदको लहडका कारण सङ्घीयताको मर्मविपरीत केन्द्र सरकारले प्रदेश र स्थानीय तहको अधिकार पनि आफैं प्रयोग गरिरहेको छ । एकात्मक र केन्द्रिकृत शासन व्यवस्थाबाट सङ्घात्मक र विकेन्द्रित शासन व्यवस्थामा विकासको वाहकका रूपमा प्रदेश सरकारलाई परिकल्पना गरिएको थियो। तर सङ्घीय सरकारले प्रदेश र स्थानीय तहको कार्य क्षेत्रमा हात हाल्ने अवस्था देखिएको उनको भनाइ छ ।

“संविधानले प्रदेशलाई प्रहरीको अधिकार दिएको छ, तर सङ्घीय सरकारले त्यो अधिकार अझै प्रदेशलाई दिएन । सङ्घीय निजामती कानून अहिलेसम्म आएको छैन । शिक्षाको अधिकार स्थानीय तहलाई छ, त्यो पनि दिइएको छैन,” सांसद देवकोटा भन्छन्, “प्रदेश र स्थानीय तहको हातमा कर्मचारी छैनन्, प्रहरी प्रशासन छैन । दण्ड जरिवाना गर्न सक्ने अधिकार प्रयोग गर्न पाएका छैनन् । पर्याप्त वित्तीय साधन र स्रोत छैन । यी सबै कमजोरी सङ्घीय सरकारले सिर्जना गरेको हो । किनकि केन्द्रिकृत सोच र मानसिकता सङ्घीय सरकार र नेतामा हाबी भएको छ ।”

सङ्घीयतासहितको संविधानले जनताको घरदैलोमा अधिकार पुर्‍याएको छ। सेवाप्रवाहसँग जोडिएका संस्था तल्लो तहसम्म पुगेका छन् । तर नागरिकले अपेक्षा गरे अनुसारको सहज सेवाप्रवाह हुन नसकेपछि नागरिकस्तरबाटै सङ्घीयताप्रति वितृष्णा र गुनासो बढेको देखिन्छ। त्यसो हुनुको मुख्य कारण केन्द्र सरकारले प्रदेश र स्थानीय तहमा सरकारको अनुभूति नै गर्न नदिएको सांसद देवकोटा बताउँछन् ।

“जनताको घरदैलोमा सेवा पुगेको छ, त्यो आफ्नो ठाउँमा छ। तर जति हुनुपर्थ्यो र हामीले जति गर्न सक्थ्यौं, त्यति भएको छैन। राष्ट्रियसभा प्रदेश र स्थानीय तहको पनि सभा भएकाले यसका लागि पनि हामी अझ बढी क्रियाशील हुनुपर्छ,” उनी भन्छन्। प्रदेश र स्थानीय तहमा देखिएका समस्याका गाँठा फुकाउने, कानून अभावमा प्रदेश सरकारले काम गर्न पाएन भनेर खबरदारी गर्ने भूमिका पनि राष्ट्रियसभाको रहेको उनको बुझाइ छ।

सांसद देवकोटालाई लाग्छ– सङ्घीय शासन प्रणालीको सबलीकरण र क्रियाशीलतामा राष्ट्रियसभा जुन रूपमा लाग्नुपर्थ्यो, त्यो लागेको छैन । “बजेट केन्द्रिकृत सोच र मानसिकताको आउँछ। कर्मचारी तल जान चाहँदैनन् । हिजोकै मानसिकता र सोचबाट सरकार चलिरहेको छ,” उनी भन्छन्, “त्यो सबै असन्तुष्टि सङ्घीयतामा गएर पोखियो। सङ्घीयताकै कारण समस्या देखिए भनेर भाष्य बनाउन खोजियो। वास्तवमा त्यो साँचो होइन ।”

जनताले सहज सेवाप्रवाह खोजेको हो । हिजोको भन्दा प्रभावकारी सेवा प्रवाह हुन नसकेपछि नागरिक तहमा सङ्घीयताप्रति वितृष्णा देखियो। देशभित्र गुणस्तरीय शिक्षा/स्वास्थ्य पाइयोस्, रोजगार पाइयोस्, दिगो खालका विकास निर्माणका काम हुन सकून् भन्ने नागरिकका आकाङ्क्षा थिए। त्यो अपेक्षा अनुसार नतीजा देखिएन । यसमा मुख्य जिम्मेवार केन्द्र सरकार र सङ्घीय संसद् रहेको उनी स्वीकार्छन्। तर अब सङ्घीय शासन प्रणालीमाथि प्रश्न गर्नेभन्दा पनि यही प्रणालीलाई सुदृढ गर्नुको विकल्प छैन ।

“मुलुक सङ्घीयतमा गइसकेपछि पनि केन्द्रिकृत सोच र मानसिकताले काम गर्‍यो। यसमा हामी पनि जिम्मेवार छौं। तर अब सङ्घीय शासन प्रणालीमा गइसकेपछि फर्किने भन्नुको पनि तुक हुन्न,” उनी भन्छन्, “अझै पनि सुधार गर्न सकिने ठाउँ प्रशस्तै छन्। यही शासन व्यवस्थामा केही कमीकमजोरी छन् भने सुधार गरौं तर प्रयोगशाला नबनाऔं। मुलुकलाई कतिपटक शासन व्यवस्थाको प्रयोगशाला बनाउने ?”

नेपालले पछिल्लो सात दशक अवधिमा पटक–पटक फरक शासन व्यवस्थासहितका संविधान बनाएर पटक–पटक प्रयोगजस्तो मात्रै गरेको उनको बुझाइ छ। हुन पनि नेपालमा राणाशासन अन्त्य हुनु र भारत अङ्ग्रेज शासनबाट मुक्त हुनु लगभग एकै कालखण्डमा भएको हो। भारतले त्यो बेला ल्याएको संविधान अहिले पनि कार्यान्वयन भइरहेको छ । तर नेपालमा पटक–पटक संविधान फेरिएको छ ।

त्यसो भए सङ्घीयता सबलीकरणका लागि के गर्न सकिन्छ ? यो प्रश्नमा सांसद देवकोटा भन्छन्, “मन्त्रालयको सङ्ख्या कम गर्ने कि ? निर्वाचन प्रणालीमा सुधार गर्ने कि ? प्रदेशलाई चुस्त बनाउने कि ? त्यसबारे सोचौं । संविधानले दिएको अधिकार अनुसारको काम गर्ने वातावरण सिर्जना गरौं। पर्याप्त वित्तीय स्रोत, साधन र कर्मचारीको व्यवस्था गरौं । जनताका गुनासो सुनेर उनीहरूका अपेक्षा अनुसार काम गरौं ।”

द्वन्द्वकालमा करीब २० वर्ष स्थानीय तहको चुनाव गर्न सकेका थिएनौं । तर अहिले चुनाव भएको छ र जनप्रतिनिधि छन्। स्थानीय तहमा ठूलो वित्तीय साधन स्रोत परिचालन भएको छ । महिला, दलित, जनजातिलगायतको उपस्थिति राम्रो छ। अहिले स्थानीय तहमा करीब ४१ प्रतिशत महिला जनप्रतिनिधि छन्। समावेशी समानुपातिक प्रतिनिधित्व निकै राम्रो देखिएको छ ।

मुख्यगरी कानून सङ्घीय सरकारले बनाउने र कार्यान्वयन तल्लो तहले गर्ने अर्थात् कानून तर्जुमा एवं अनुगमन सङ्घीय सरकार र सेवाप्रवाहको काम स्थानीय तह र प्रदेशले गर्नुपर्ने सांसद देवकोटा बताउँछन्। तर हामीकहाँ भने सबै काम सङ्घीय सरकारले आफैं गर्ने सोच र मानसिकताबाट चलिरहेको छ । जस कारण जनताले चाहे अनुसारको काम पनि हुन सकेको छैन ।

संवादको क्रममा सांसद देवकोटालाई अन्तिम प्रश्न सोधियो– के तपाई राष्ट्रियसभाको एक सांसदका रूपमा आफ्नो कामबाट सन्तुष्ट हुनुहुन्छ ? उनको जवाफ थियो, “मेरो समीक्षा म आफैंले गर्नेभन्दा पनि स्थानीय तह र प्रदेशका जनप्रतिनिधिले समीक्षा गर्लान् । स्थानीय तह र प्रदेशको सबलीकरणका लागि म आफैंले सङ्कल्प प्रस्ताव पेश गरेको छु । तलको अधिकारलाई मिचेर ऐन कानून आएका छन् भनेर बोलिरहेको छु। राष्ट्रियसभामा प्रदेश र स्थानीय तहको आवाज भएर बोलेको छु भन्ने लाग्छ । यसबाट म सन्तुष्ट नै छु ।”

# उमेर ढल्केपछि चाहियो नागरिकता

सिराहा, १७ मङ्सिर/रासस

धनगढीमाई नगरपालिका–१४ सर्रे अम्बासकी आसमान राई ७० वर्ष पुगेपछि बल्ल नागरिकता बनाउन लागेकी छन्। नागरिकताविना सामाजिक सुरक्षा भत्ता नपाइने भएपछि मात्रै उनलाई नागरिकताको आवश्यकता महसूस भएको हो । घरनजीकै नागरिकता शिविर सञ्चालन भएपछि नागरिकता बनाउन उनलाई सजिलो पनि भयो ।

सोही स्थानकी १० नातिनातिनाका हजुरआमा ५४ वर्षीय छलिमाया खपाङ्गेलाई पनि नागरिकता बनाउनुपर्ने रहेछ भन्ने लागेको छ । चार छोराछोरीका आमा छलिमायाका नाममा न कुनै चलअचल सम्पत्ति छ, न बैंक तथा वित्तीय संस्थामा खाता नै। यसअघि उनलाई नागरिकता चाहिन्छ भन्ने कहिल्यै लागेन पनि। पतिको नागरिकताबाट सबै काम चलेकै थियो ।

“मलाई त कसैले नागरिकता चाहिन्छ भनेर अहिलेसम्म भनेका पनि थिएनन्। यसअघि खासै नागरिकता आवश्यक पनि परेन । भत्ता खाने बेलामा त चाहिन्छ रे,” नागरिकता शिविरमा कागजातसहितको प्रक्रिया पूरा गरेपछि छलिमायाले भनिन्, “के गर्नु हजुर, घर छाडेर कहीं टाढा गएकी छैन अहिलेसम्म । जानुपर्ने काम पनि परेन। यहाँ पनि यी नै बाहुचाहिं (पति)ले कर गरेर आएको।” सरकारले गाउँमैं आएर सेवा दिएकाले पत्नी लिएर आएको छलिमायाका पति दानबहादुर खपाङ्गेले बताए ।

धनगढीमाई नगरपालिका–१४ को वडा कार्यालयमा युएनडिपीको संस्थागत सुधारमार्फत न्यायमा पहुँच अभिवृद्धि परियोजना–२ अन्तर्गत समग्र जनउत्थान केन्द्र, लहान र धनगढीमाई नगरपालिकाको संयुक्त आयोजनमा शनिवार आयोजित नागरिकता शिविर कार्यक्रममा आसमान र छलिमाया जस्तै प्रायः उमेर ढल्केका प्रौढ महिला उपस्थित भई सनाखतसहित आवश्यक कागजात मिलाउन व्यस्त थिए।

उमेरले थलिएको शरीर, चाउरी परेको अनुहारमा नागरिकता प्राप्त हुने भएपछि सामाजिक सुरक्षा भत्ताको आसमा केही हदसम्मको चमक उनीहरूमा थियो । पुस्तौंदेखि नेपालमैं थाकथलो भएका धेरै नागरिक अनेक कारणले नागरिकताविहीन हुनुपरेका कारण सरकारले दिने सुविधाबाट वञ्चित छन् । त्यतिमात्र नभई नागरिकताकै कारण कतिपय अवसर र कामबाटसमेत वञ्चित हुनुपरेको धनगढीमाई नगरपालिकाकी उपप्रमुख सङ्गीताकुमारी चौधरी बताउँछिन् ।

“गाउँघरमा नागरिकताको महत्त्व नबुझ्दा पनि धेरैले नबनाउने गरेका छन् । यसमा अधिकांश महिला तथा मुख्यगरी दूरदराजका उमेर ढल्केका आमा र हजुरआमा छन्,” उपप्रमुख चौधरीले भनिन्, “नागरिकता नहुँदा निम्न आर्थिक अवस्थाका नागरिक सरकारी सुविधाबाट वञ्चित छन् । सरकार नागरिकनजीकै छ भन्ने अनुभूति दिलाउन, वृद्धवृद्धा, एकल महिला, अपाङ्गता भएका व्यक्तिलाई सहज होस् भनी यो नागरिकता शिविर सञ्चालन गरिएको हो ।”

राज्यसँग नागरिकको कानूनी सम्बन्ध स्थापित गरी अधिकारको रक्षा गर्ने प्रमाणपत्र नागरिकता भएकाले नगरका नागरिक कोही पनि अनागरिक भएर सरकारी सेवा र सुविधाबाट वञ्चित हुन नदिन आफू लागिपरेको धनगढीमाई नगरपालिकाका प्रमुख शिवशङ्कर महतोले जानकारी दिए । उनले भने, “राज्यले नागरिकलाई विभिन्न सेवासुविधा र अवसर उपलब्ध गराउनुपर्ने दायित्व निर्वाह गर्नुपर्ने हुन्छ र राज्यले समेत नागरिकबाट केही कर्तव्यको अपेक्षा राख्छ । नागरिकताविना हरेक व्यक्तिलाई आधिकारिक काममा समस्या पर्छ ।” यस शिविरबाट कोही पनि नागरिक नागरिकताविहीन नहुने उनले विश्वास व्यक्त गरे ।

अशिक्षा, सूचनाको अभाव, सम्पत्तिमा हक नहुनेलगायत कारण नागरिकताबाट वञ्चित हुनेमा धेरैजसो महिला नै हुने गरेको अधिकारकर्मी देवराज पोखरेलको बुझाइ छ । दूरदराजका अधिकांश विवाहित महिला घरपरिवारसँग मिलीजुली बस्दासम्म नागरिकताको आवश्यकता महसूस नगर्ने र पतिपत्नीबीचको सम्बन्ध बिग्रेपछि वा घरपरिवारसँग सम्बन्ध नराम्रो हुँदै गएपछि नागरिकतालगायत अन्य कागजात नहुँदा दुःख पाउने गरेका अनुभव उनीसँग छ । नागरिकता र न्यायका लागि पनि उमेर पुगेका जोसुकै नागरिकलाई नागरिकता बनाउन अनुरोध गर्छन्, पोखरेल ।

जिल्लाकै विकट मानिने चुरेको फेदमा अवस्थित धनगढीमाई नगरपालिका–१२, १३ र १४ गरी तीनवटा वडालाई लक्षित गरी नागरिकता शिविर सञ्चालन गरिएको हो। शिविरमा जिल्ला प्रशासन कार्यालय सिराहा र इलाका प्रशासन कार्यालय लहानको संयुक्त कर्मचारीको टोली सम्मलित छ। नागरिकताका लागि आवश्यक कागजात र सनाखतसहित तीनवटै वडाबाट शनिवार १४६ जनाले निवेदन दिएको इलाका प्रशासन कार्यालय लहानका प्रमुख लीलाकान्त पौडेलले जानकारी दिए। उनको अनुसार सङ्कलित कागजातका अनुसार प्रक्रिया पुर्‍याएर मङ्सिर मसान्तसम्म नागरिकता गाउँमैं हस्तान्तरण गरिनेछ ।

भौगोलिक कारणले दुर्गम भएको तथा यातायातको समस्या तथा गरीबीले यहाँका धेरै नागरिक सम्बन्धित ठाउँसम्म पुग्न नसकी नागरिकताबाट वञ्चित हुनुपरेको अवस्था रहेको जानकारी पाएकाले शनिवारको दिन पारी एक दिन शिविर सञ्चालनका लागि पहल गरेको समग्र जनउत्थान केन्द्र लहानका अध्यक्ष रामभरोसी महतोले जानकारी दिए ।

# राष्ट्रियसभा सदस्य निर्वाचनको तयारीमा आयोग

काठमाडौं, १७ मङ्सिर/रासस

निर्वाचन आयोगले आगामी माघ ११ गते बिहीवार हुने राष्ट्रियसभा सदस्यको निर्वाचनका लागि तयारी शुरू गरेको छ। सोको लागि आयोगले यही मङ्सिर ३० गते मतदाता नामावली प्रकाशन, आगामी पुस १६ गते निर्वाचन अधिकृतको नियुक्ति र सोही दिन सातवटै प्रदेश निर्वाचन कार्यालयमा निर्वाचन अधिकृतको कार्यालय स्थापना र पुस २३ गते उम्मेदवारको मनोनयनपत्र दर्ता गराउने गरी निर्वाचन कार्यक्रम ल्याउने तयारी गरेको छ ।

आयोगको परामर्शमा यही मङ्सिर १३ गते नेपाल सरकारबाट निर्वाचनको मिति तोकिएपछि आफूहरू तयारीमा लागेको र आयोगबाट मङ्सिर १४ गते निर्वाचन कार्यक्रम स्वीकृत भएको आयोगका प्रवक्ता सालिकराम शर्मा पौडेलले जानकारी दिए । स्वीकृत कार्यतालिका अनुसार यही मङ्सिर २२ गते निर्वाचनमा भाग लिने राजनीतिक दल दर्ताका लागि सूचना प्रकाशन हुनेछ।

राजनीतिक दल दर्ता भएपछि आगामी पुस १ गते राजनीतिक दललाई निर्वाचन चिह्न प्रदान गरी पुस ४ गते स्वीकृत दलको नामावली नेपाल राजपत्रमा प्रकाशनार्थ पठाइनेछ ।

नेपालको संविधानको धारा ८६ को उपधारा (३) बमोजिम राष्ट्रियसभाका एक तिहाइ सदस्यको पदावधि २०८० फागुन २० गते समाप्त हुन लागेको र राष्ट्रियसभा सदस्य निर्वाचन ऐन, २०७५ बमोजिम पद रिक्त हुनुभन्दा ३५ दिन पहिले (माघ १५ गतेसम्म) निर्वाचन गरिसक्नुपर्ने कानूनी व्यवस्था छ ।

आगामी फागुन २० गते निर्वाचित १९ र सरकारबाट मनोनीत एक गरी २० सदस्यको पद रिक्त हुँदैछ। निर्वाचनका लागि मतदाता रहेका प्रदेशसभा सदस्यको ५३ र गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष र नगरपालिकाका प्रमुख तथा उपप्रमुखको १९ मतभारका दरले गणना हुनेगरी निर्वाचन आयोगबाट निर्णय भइसकेको छ। उक्त सभामा प्रत्येक दुई वर्षमा रिक्त हुने एक तिहाइ सदस्य पदको प्रत्येक वर्ष निर्वाचन हुँदै आएको छ ।

# 'लभ बम्बिङ' र लैङ्गिक हिंसाको पुनः परिभाषा

निमा काफ्ले
काठमाडौं, १७ मङ्सिर/रासस

लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियानका सन्दर्भमा हरेक दिन केही नयाँ सन्दर्भ र कोणबाट बहस भइरहेको छ। यतिबेला सिङ्गै विश्वले हिंसाविरुद्धको दिवस मनाइरहँदा नेपाली समाजमा हामी महिला हिंसाविरुद्धको दिवसका रूपमा पनि समाजलाई सचेत बनाएर यथार्थपरक ढङ्गले हिंसाविरुद्ध लड्न तयार पार्न सकिरहेका छैनौं। स्वाभाविकरूपमा हाम्रो समाजले पितृ सत्तात्मक प्रकृतिको विशेषता छोड्न नसकेको हरेक घटना सन्दर्भ र परिवेशहरूमा देख्न र भोग्न परिरहेको छ। महिलाविरुद्धको हिंसामा पनि पीडितको पक्षमा खुलेर बोल्न नसक्ने हाम्रोजस्तो सामाजिक परिवेशहरूमा हिंसा कसरी गुम्सिरहेको छ र कसरी विभिन्न स्वरूपमा विष्फोटन भइरहेको छ भन्ने थुप्रै दृष्टान्तले लैङ्गिक हिंसाको परिभाषा र निराकरणलाई नै नयाँ ढङ्गले परिभाषित गर्नुपर्ने अनुभूत गराएको छ।

केही समयअघि एकजना साथीले अन्तरङ्ग सम्बन्धमा भोगेका अनुभवहरू बाँड्दै बेग्लै पीडा र वेदना सुनाए। प्रेम, विश्वास र सम्बन्धमा व्यक्त भावहरूलाई स्वाभाविकरूपमा लिने कि हिंसाको रूपमा लिएर निर्णय गर्ने भन्ने द्विविधाले सिर्जना गरेको उनको अन्तर्मनको द्वन्द्वले आफूमा समेत सिर्जना भएको मनोवैज्ञानिक दबाब पनि नयाँ ढङ्गले यो सन्दर्भलाई हेर्ने एउटा प्रेरणा बन्ने अनुभूति गरेको छ। हामीले हाम्रा निकटस्थहरूका भावना र गतिविधिहरूलाई कसरी हेर्ने ? हिंसाको परिभाषाभन्दा पहिले यसमा स्पष्ट हुन जरुरी छ। हामीले स्वीकार गरिरहेका भावना वा गतिविधिहरू कसरी स्वाभाविकबाट हिंसामा परिणत हुन्छन् भन्ने कुरा हामीले लिएको शिक्षा, हामीमा विकास भइरहेको चेतना, हाम्रो सामाजिक परिवेश, हाम्रो साथीसङ्गत तथा प्रविधि र विकासको गतिले निर्धारण गर्छ।

लैङ्गिक हिंसाको व्याख्या गर्नेहरू, विभिन्न विषयमा आफूलाई ज्ञाता वा जानकार ठान्नेहरू र विज्ञहरूकै जीवनमा देखिएका र भोगिएका सन्दर्भहरूलाई पनि हिंसाको कोणबाट हेर्दा केही प्रभावहरू देखिन्छन्। सामाजिकरूपमा त्यस्ता घटनालाई हेर्दा पितृ सत्तात्मक सोचबाट निर्देशित भएको भन्न सकिन्छ। सँगै काम गरिरहेका सहकर्मीमा पनि महिला साथी आफू सरह हुन्जेल ठीकै हुने तर आफूभन्दा माथि जाने सम्भावना भए लगत्तै अनेक ईर्ष्याभाव र आरोपहरू आउने देखिन्छन्। यो एक प्रकारको हिंसाको स्वरूप हो। अर्को खतरनाक हिंसाको अवस्था अन्तरङ्ग सम्बन्धमा देखिन्छ। यो विशेषगरी पद, प्रतिष्ठा, पहिचान र पुँजीसँग जोडिएर देखिने गरेको छ।

प्रेममा पनि हिंसाका विभिन्न अवस्थाहरू देखिने गरेका पाइन्छन्। यी खालका हिंसाहरू पुरुष वा महिलाले एउटा निश्चित अवस्थासम्म स्वाभाविक मानेर स्वीकार गर्ने, त्यसपछि एउटा हदसम्म हिंसाको रूपमा अनुभूत गरेर उकुसमुकुस अनुभव गर्ने र त्यो हद नाघेपछि सामाजिकरूपमै विष्फोट हुने गरेको देखिन्छ। यसलाई 'लभ बम्बिङ'को रूपमा पनि हेर्न सकिन्छ। यस्ता घटना र सन्दर्भहरू धेरै ओँटिला मानिएकाहरूले पनि व्यक्त गर्न वा उपचारको पहलतर्फ सोच्न पनि नसकेको यथार्थ देखिन्छ। लभ बम्बिङ परिस्थिति र परिवेश अनुसार हिंसात्मक हुँदै सामाजिक र भौतिकरूपमै दुर्घटनाका रूपमा समेत पुग्ने गरेको पाइन्छ। दृश्यमा देख्दा अन्तिम परिणाम आइसकेपछि हिंसा देखिए पनि यो प्रकृतिको हिंसाको बीजारोपण सुषुप्तरूपमा, नजानिंदो ढङ्गले हुने गर्छ। यसलाई हाम्रो व्याख्या, विश्लेषण र परिभाषाको परिधिले भेटिरहेको छैन।

यस्ता प्रकृतिका घटना र सन्दर्भहरू केहीलाई त पक्कै पनि यहाँहरूले अनुभव गर्नुभएकै होला। तर यसको आकार देखिएभन्दा र स्वाभाविकभन्दा बढी छ। प्रविधिको विकास, सामाजिक परिवेशहरू, सम्बन्धहरूमा अपेक्षा गरिने इमानदारी र प्राप्त हुने यथार्थता, त्यसप्रतिको बुझाइमा हुने असमानताले यसलाई बढाइरहेको छ। यो अवस्था गुनासो गर्न पनि नसकिने र त्यसका कतिपय उपाय र उपचार पनि नपाइने खालका अवस्था, आफैंलाई यो हिंसा हो कि स्वाभाविक व्यवहार हो भन्ने अन्तर्मनमा सिर्जना हुने अन्योलले गर्दा समाजमा लैङ्गिक हिंसाको आकार बढाइरहेको छ। पुरुष पनि यस्ता खालका हिंसामा परिरहेका हुन सक्छन्। महिलाहरू त पर्ने गरेका धेरै नै उदाहरण देखिएका छन्।

आफ्नो एउटा अवस्थामा त्यही भावना वा गतिविधि स्वाभाविक लाग्ने र आफ्नो चेतना वा ज्ञान र विकासको अभिवृद्धिसँगै त्यही भावना वा व्यवहारलाई पनि हिंसाको परिभाषा हुने गरेको आरोप लाग्ने गरेको छ। यसलाई फेमिनिज्मले जन्माएको विकृतिको रूपमा लाञ्छनाहरू लाग्ने गरेका छन्। हामीलाई जेन्डर एक्टिभिज्म आवश्यक हो कि फेमिनिज्म ? हाम्रो न्यायले खोजेको समानता वा हिंसामुक्त परिवेशले एउटा पक्षलाई मात्रै हेर्छ कि समतलीय र सन्तुलित ढङ्गबाट हेर्छ भन्ने बहस पनि उठेको छ र उठ्नुपर्छ पनि।

विज्ञान र प्रविधिको विकासले पुरुष वा महिलाको आवश्यकता र उपलब्धताको नै विकल्पको समेत परिकल्पना गरिसकेको आजको विश्वमा महिला वा पुरुषले आफ्नै कोणको बुझाइ र व्याख्या अनुसार हिंसाको व्याख्या गर्ने र त्यसको उपचारको वकालत गर्नु आफैंमा अधुरो र अपूरो हुन्छ। काठमाडौंमा व्याख्या गरिने हिंसाको प्रकृति कञ्चनपुर वा फिदिमको समाजले उस्तै ढङ्गले अनुभूति गरिरहेको नहुन सक्छ। आयातित परिभाषालाई लिएर वकालत गर्नुभन्दा अवस्था र परिवेश अनुसार हिंसाको अनुभूति र उपचारको चेतना निर्माण गर्नमा हाम्रा पहल हुनुपर्छ भन्ने मेरो निष्कर्ष हो।

महिला अधिकार अभियन्ता क्लारा जेट्किन, क्रान्तिकारी कम्युनिस्ट योद्धा रोजा लक्जम्बर्ग, अधिकारकर्मी मिरावल दिदीबहिनीहरूले उठान गरेका महिला अधिकारका विषय र यसले वकालत गरेका नागरिक तथा राजनीतिक कोण एवं सामाजिक विश्लेषण आज पनि त्यही अवस्थामा मात्रै वकालत भइरहेका छन्। समसामयिकताका आधारमा गर्नुपर्ने बहसमा हामी प्रवेश नै गर्न सकेका छैनौं। मिरावल दिदीबहिनीकै घटना र त्यही परिवेशमा मात्रै अल्झिरहेको महिला हिंसाविरुद्धको दिवसलाई आमरूपमा लैङ्गिक हिंसाविरुद्धको अभियानको रूपमा लैजानुपर्ने आवश्यकतातर्फ समेत बहस गर्नुपर्ने आवश्यकता छ। अर्कोतर्फ बायोलोजिकल र साइकोसोसियल कोणबाट महिलाको अधिकारलाई व्याख्या गर्नेगरी १५० वर्षअगाडि सिमन द बेभियरले लेखेको 'द सेकेन्ड सेक्स' पुस्तकले चित्रित गरेको महिला चेतना र उनले स्थापित गरेको लैङ्गिक व्यवहारको उदाहरणलाई पनि आजको समाजले स्वीकार गर्न त परै जाओस् अद्यावधिकसमेत गर्न सकेको छैन।

हाम्रा अभियन्ताहरूले ब्यानर राखेर प्रस्तुत गर्ने कार्यपत्रहरू र दिवस मनाउनाले न उपयुक्त अवधारणालाई अद्यावधिक गर्न सकेको छ, न हाम्रो धरातलीय यथार्थता अनुसारको नयाँ बाटो नै निर्माण गरेको छ। 'सेन्टिक अफ अट्याक्सन'को होडबाजीले मात्रै नेतृत्व पङ्क्तिमा उभिएकाहरूबाट यस्ता अभियानहरूले गति पाउन सक्दैनन्। कृत्रिम बौद्धिकता (एआई)मा रूपान्तरित हुँदै गरेको युवा पुस्तालाई यतिबेला अधिकारका कुरा बोलेर मात्रै मनाउन सकिँदैन। उनीहरूले चाहँदा हामीले पढाउने गरेको अभियन्ताको इतिहास र योगदानको चर्चा क्षणभरमै 'गुगल सर्च' गरेर हाम्रोभन्दा राम्रोसँग व्याख्या गर्न सक्छन्। हामीलाई यतिबेलाको आवश्यकता र भूधरातलीय यथार्थ अनुसारका समस्या पहिचान र समाधानको निर्माण हो। जुन उनीहरूले पनि सहजै प्राप्त गर्न सकिरहेका छैनन् र उनीहरू आफैं पनि समस्या भिन्न ढङ्गले भोगिरहेका छन्। फेमिनिस्ट र फेमिनिज्मको भाष्यलाई त्यही पुरानै कोणबाटभन्दा पनि समय अनुकूल परिस्कृत गर्न जरुरी छ।


(लेखक टेलिभिजन पत्रकार हुन्। रासस)

विचार



नीमा काफ्ले

**हाम्रा अभियन्ताहरूले ब्यानर राखेर प्रस्तुत गर्ने कार्यपत्रहरू र दिवस मनाउनाले न उपयुक्त अवधारणालाई अद्यावधिक गर्न सकेको छ, न हाम्रो धरातलीय यथार्थता अनुसारको नयाँ बाटो नै निर्माण गरेको छ।**



**निस्कोटबाट देखिएको धौलागिरि:** म्याग्दीको मालिका गाउँपालिका-१ निस्कोट गाउँबाट देखिएको धौलागिरि हिमाल। तस्विरः ध्रुवसागर शर्मा/रासस

## फरक समाचार

# गहिरो रङ्गको फल-तरकारीले मुटुलाई स्वस्थ राख्छ

अमेरिकन हार्ट एशोसिएशनका अनुसार मुटुको स्वास्थ्यको लागि गहिरो रङ्गको फल-तरकारी खानुपर्छ। एशोसिएशनले हालै मुटु स्वस्थ राख्ने खानपानबारे गाइडलाइन्स जारी गरेको छ। मुख्य लेखक डा एलिस एच लिकटेंस्टाइनका अनुसार वजन सन्तुलन राखेर मुटुरोगको जोखिमलाई कम गर्न सकिन्छ। सातामा १५० मिनेटको वर्कआउटले ऊर्जा सन्तुलनलाई सही राख्छ। उमेरको हरेक दशकमा ऊर्जाको आवश्यकता ७०-१०० क्यालोरीसम्म घट्छ। यसैले डाइटलाई नियमित निगरानी गर्नुपर्छ।



विविधता भएको फल-तरकारी सेवन गर्नुपर्छ, यसमा फाइटोकेमिकल्स बढी पाइन्छ। यसले गम्भीर रोगलाई रोक्छ। गहिरो रङ्गका तरकारी, फलमा पोषक तत्त्व बढी हुन्छ। जुसको सट्टा साबुत खानाले फाइबर बढी पाइन्छ।

रिफाइन्ड अन्नमा पोषक तत्त्वलाई हटाइन्छ। यसैले साबुत अनाजबाट बनेका खानालाई प्राथमिकता दिनुपर्छ। साबुत अन्नमा चोकर, एन्डोस्पर्म र आन्तरिक बीउ तीन परत हुन्छन्। यसैले यी पोषक तत्त्वले भरिएका हुन्छन्। धेरै अध्ययनबाट यो साबित भइसकेको छ कि साबुत अन्न खानाले मुटुलाई जोखिममा पार्ने कारकलाई नियन्त्रण गर्न सकिन्छ।

प्रोटीन र फाइबरको आवश्यकतालाई पूरा गर्न फल, गेँडागुडी, सोयाबिन, दाल, चना र केराउ सेवन गर्नुपर्छ। डेरी उत्पादनमा लो फैट वा फैटमुक्त वस्तुलाई रोज्नुपर्छ। यसबाट वजन र मोटोपन रोक्न मदत पुग्छ। विशेषज्ञका अनुसार पोलिअनसैचुरेटेड फैट भएको तेल राम्रो हुन्छ। यसमा सोयाबिन, कोर्न, सनफ्लावर र आलसका तेल आउँछन्। यसले कार्डियोवस्कुलर खतरालाई ३० प्रतिशतसम्म घटाउँछ। जबकि ट्रापिकल तेल जस्तै नरियल र पाम तेलबाट एचडिएल र एलडिएल कोलेस्ट्रोल दुवैमा बढोत्तरी हुन्छ।

मुटु र मधुमेहका रोगीको लागि बढी नुन र चिनी भएको वस्तु सेवन गर्नुहुँदैन। नुन (सोडियम क्लोराइड)को रक्तचापसँग सीधा सम्बन्ध हुन्छ।

# जाडोमा लसुनको फाइदा

लसुन भान्साको प्रमुख भाग हो। जीवाणुरोधी, एन्टिसेप्टिक, एलिसिन नामक यौगिकको कारण लसुनलाई रोगको रामबाण पनि भन्न सकिन्छ। लसुनमा फास्फोरस, पोटासियम, मैग्निशियम, भिटामिन सी, फोलेट, नियासिन र थायमिन जस्ता तत्त्व हुन्छन्, जसले शरीरलाई स्वस्थ राख्छ।

विशेषगरी जाडोमा यसको सेवन गर्नाले जोर्नीको दुखाइ, कमर र पिठ्यूँ दुख्ने समस्याबाट आराम हुन्छ। काँचो लसुनले रुघाखोकी र कन्जेशनको सङ्क्रमणलाई हटाउँछ। लसुनका दुई टुक्रा खाली पेटमा खाएपछि निकै फाइदा पुग्छ। काँचो लसुन सेवनबाट शरीरमा एस्ट्रोजेन हार्मोन नियन्त्रण हुन्छ। यसले हाड र मांसपेशीमा हुने समस्याबाट जोगाउँछ। त्यस्तो काँचो लसुन सेवनबाट ग्लुकोजको स्तर नियन्त्रण गर्न सकिन्छ। मधुमेहका रोगीले प्रतिदिन काँचो लसुन सेवन गर्नुपर्छ। लसुनले शरीरको प्रतिरक्षा प्रणालीलाई सबल बनाउँछ र जाडोमा रुघाखोकीजस्ता समस्या हुँदैन। शरीरले भित्रबाट गर्मी पाउँछ र चीसोको असर कम हुन्छ। मह र लसुन एकैसाथ सेवन गर्दा रक्तचाप नियन्त्रण हुन्छ। लसुनको नियमित सेवनबाट रगतमा थक्का बन्ने सम्भावना कम गर्छ। लसुनमा पाइने यौगिक एलिसिनले एलडिएल (खराब कोलेस्ट्रोल)को अक्सिकरणलाई रोक्छ। यसले कोलेस्ट्रोलको स्तरलाई कम गर्छ र मुटु स्वस्थ राख्छ। बिहान खाली पेट २-३ वटा काँचो लसुन सेवन गर्दा वजन कम हुन्छ। यसलाई भुटेर पनि खान सकिन्छ। यसले शरीरमा थर्मोजेनेसिसलाई बढाउँछ र बढी बोसो जल्ने र खराब कोलेस्ट्रोललाई कम गर्न मदत पुग्छ। लसुनमा एन्टिअक्सिडेन्ट र एन्टी इन्फ्लेमेटरी गुणले मस्तिष्कको स्वास्थ्यलाई बढाउँछ। अल्जाइमर र डिमेन्सिया जस्ता न्युरोडिजेनेटिभ रोगको सम्भावना कम हुन्छ।



एन्टिअक्सिडेन्टले भरिपूर्ण लसुनले फोक्सो, प्रोस्टेट, मूत्राशय, पेट, यकृत र पेटको क्यान्सरबाट बचाउँछ। लसुनको जीवाणुरोधी क्रियाले पेप्टिक अल्सरलाई रोक्छ र आन्द्राको सङ्क्रमणलाई नष्ट गर्छ। काँचो लसुनले पाचन समस्या र आन्द्रालाई डिटक्स गर्छ। यसले पेटको कीरा र खराब ब्याक्टेरियालाई नष्ट गर्छ।

# भुइँमा बसेर खानुको फाइदा

भुइँमा बसेर खाने चलन बिस्तारै हराउँदै गएको छ। जाडो मौसममा भुइँमा बसेर खान कोही पनि रुचाउँदैनन्। कुर्सीमा बसेर खानुभन्दा भुइँमा बसेर खानुका धेरै फाइदा छन्।

भुइँमा बसेर खाँदा हाम्रो घुँडा मोडिन्छ, जसले गर्दा घुँडाको कसरत हुन्छ र लचकता बढ्छ। यस लचकताबाट जोर्नीमा चिल्लोपन रहन्छ। यदि जोर्नीको दुखाइबाट पीडित हुनुहुन्छ भने भुइँमा बसेर खानुपर्छ।



**वजन नियन्त्रणः** भुइँमा बसेर खाएपछि वजन नियन्त्रण गर्न सकिन्छ। यसले पाचन प्रक्रिया प्राकृतिक अवस्थामा पुग्छ र पाचन क्रिया सही ढङ्गले काम गर्छ। भुइँमा बस्नु र उठ्नु एउटा कसरत पनि हो, जसले वजन नियन्त्रण गर्छ।

**मुटुको लागि फाइदाः** यदि तपाईं मुटुरोगी हुनुहुन्छ भने भुइँमा बसेर खाना खाने गर्नुपर्छ। जमीनमा बसेर खाँदा यसबाट रक्तसञ्चार मुटुसम्म सजिलै हुन्छ। लामो समयसम्म कुर्सीमा बस्दा तपाईंको खुट्टाको मांसपेशीमा तनाव हुन सक्छ। तसर्थ भुइँमा बसेर खानाले खुट्टाको लचकता बढ्छ।

**रक्तसञ्चारः** पलेटी कसेर खाँदा रक्तसञ्चार राम्रो हुन्छ। यसले नसाको खिचाव पनि हटाउँछ र मुटुको वरपरको दबाब पनि कम हुन्छ। जमीनमा बसेर खाँदा थालतर्फ झुक्नुपर्छ, जुन एउटा प्राकृतिक अवस्था हो। लगातार अगाडि झुक्दा पेटको मांसपेशीले लगातार काम गर्छ। जसले गर्दा पाचन प्रक्रिया पनि राम्रो हुन्छ र खाना चाँडै पच्छ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# हिमपातका कारण म्युनिखमा ७०० उडान रद्द बस, रेल सेवा स्थगित

म्युनिख, १७ मङ्सिर/एएनआई

भारी हिमपातका कारण शनिवार जर्मनीको म्युनिख विमानस्थल हुँदै जाने करीब ७६० वटा उडान रद्द गरिएका

छ। यसैबीच, दक्षिणी बाभेरियाका केही भागहरूमा मानिसहरूलाई घरबाट बाहिर ननिस्कन भनिएको पनि सिएनएनले म्युनिख प्रहरी प्रवक्तालाई उद्धृत गर्दै

सार्वजनिक प्रसारक बेइरिस्चर रून्डफङ्कलाई उद्धृत गर्दै उल्लेख गरेको छ।

म्युनिखमा शनिवार ४५ सेन्टिमिटर



म्युनिख विमानस्थलमा भएको भीषण हिमपातले धेरै उडान प्रभावित भए। तस्वीरः एजेन्सी

छन्। सिएनएनले विमानस्थलका प्रवक्तालाई उद्धृत गर्दै जनाए अनुसार हिमपातका कारण म्युनिखमा बस, ट्राम र केही रेल सेवाहरूसमेत बन्द गरिएका छन्।

जर्मनीको राष्ट्रिय रेलवे कम्पनी डच्युचे बानका अनुसार म्युनिखको केन्द्रीय रेल स्टेशन आगमनका लागि बन्द गरिएको छ भने लामो दूरीका अन्य यातायातका सेवाहरू पनि स्थगन गरिएका छन्। रेल यातायात सोमवारसम्म गम्भीररूपमा प्रभावित हुने पनि कम्पनीले जनाएको छ। यसबाट ठूलो सङ्ख्यामा यात्रुहरू म्युनिखको मुख्य स्टेशनमा अलपत्र परेका जर्मनीमा आधारित अखबार सुदेट्च जेतुङलाई उद्धृत गर्दै समाचार सम्प्रेषण गरिएको छ। प्रकाशनसँग कुरा गर्दै एकजना यात्रुले भने, "म एक बजेदेखि यही ठाउँमा बसेको छु।" अर्का यात्रुले सिएनएनसँग आफूहरू त्यहाँबाट बाहिर निस्कन पाउँछौं कि पाउँदैनौं भन्ने जिज्ञासा राखेका छन्।

शनिवार प्रहरीले म्युनिखका जनतालाई अत्यावश्यक नभएसम्म सवारीसाधन प्रयोग नगर्न आग्रह गरेको जनाएको छ।

यसैबीच, बायर्न म्युनिख र युनियन बर्लिनबीच शनिवार हुने भनिएको फूटबल खेल पनि "सुरक्षा जोखिम र ट्राफिक अवस्थाका कारण" स्थगित गरिएको बायर्न म्युनिखले विज्ञप्ति जारी गर्दै जानकारी दिएको छ।

शनिवार म्युनिखमा ४४ सेन्टिमिटर हिउँ परेको सिएनएनले बाभेरियन

हिउँ परेको थियो, जुन सन् १९३३ पछिको डिसेम्बरको पहिलो रेकर्ड हो। यसअघि २९ डिसेम्बर १९३८ मा ४४ सेन्टिमिटर हिउँ परेको थियो।

बाभेरियामा यसपालि १७ वर्षयताकै भारी हिमपात भएको छ। बाक्लो हिमपातसँगै यहाँका उडान र गुडान दुवै यातायात प्रत्यक्षरूपमा प्रभावित हुने गर्छन्। रासस

# जापानमा भालु आक्रमण उच्च

टोक्यो, १७ मङ्सिर/सिन्ह्वा

आर्थिक वर्ष २००६ मा रेकर्ड राख्न शुरू भएपछि जापानभर भालुको



आक्रमण कीर्तिमानी स्तरमा पुगेको छ। मुलुकमा भालुको आक्रमणका लागि यो वर्ष सबैभन्दा खराब वर्ष हो।

पर्यावरण मन्त्रालयका अनुसार आर्थिक वर्ष शुरू हुने अप्रिल महीनापछिको आठ महीनामा मुलुकभर १९३ वटा भालुका आक्रमण भएका छन् र यस क्रममा २१२ जना घाइते र छजनाको मृत्यु भएको छ।

मन्त्रालयका अनुसार आर्थिक वर्ष २०२० मा घाइते भएका १५८ जनाको कीर्तिमानी सङ्ख्यालाई यो आँकडाले नाघेको छ। उत्तरपूर्वी जापानमा ७० प्रतिशत आक्रमण भएको छ। अकितामा ७० र इवातेमा ४५ आक्रमण भएका छन्।

गत नोभेम्बरमा भालुले ३० जनामाथि आक्रमण गरेको थियो। उक्त आक्रमण दोस्रो सबैभन्दा ठूलो थियो। भालुहरू सामान्यतया नोभेम्बरको अन्त्यदेखि डिसेम्बरसम्म शीतनिवासमा जान्छन् तर मन्त्रालयका अधिकारीहरूले अझै पनि आक्रमण हुन सक्ने चेतावनी दिएका छन्। रासस

## बीमा पोलिसी हराएको सूचना

मिति २०८०/०७/१५ गते दिनाङ्क ०१-११-२०२३ मा वीरगंज, पानीटङ्कीदेखि माईस्थान जाने क्रममा भारतीय जीवन बीमा निगमको मेरो नामको बीमा पोलिसी हराएको हुँदा फेला पार्नुहुने महानुभावले मलाई खबर गरिदिनुहुन वा नजीकको प्रहरीचौकीमा बुझाइदिएमा उचित पुरस्कार दिनेछु।

**नामः अशोक बानियाँ**
**बीमा पोलिसी नंः ५३४३३९४५१**
**मोनंः ९८५५०२१७८२**
**ठेगानाः मुर्ली बगैंचा, वीरगंज-१५**

## रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसोः ३:४० बजे

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# 'सडकबत्तीको बक्यौता पालिकाबाटै लिनु'

काठमाडौं, १७ मङ्सिर/रासस

अर्थ मन्त्रालयले सडकबत्तीको महसूल बक्यौता सम्बन्धित पालिकाबाटै असुलउपर गर्न नेपाल विद्युत् प्राधिकरणलाई निर्देशन दिएको छ।

अर्थ मन्त्रालयको गत २२ कात्तिकको निर्णयबाट सडकबत्तीसहित विभिन्न सरकारी निकायबाट प्राधिकरणलाई भुक्तानी हुन बाँकी बक्यौता रकम सम्बन्धित कार्यालयबाट नै असुलउपर गर्न निर्देशन दिइएको हो।

सरकारी कार्यालयमध्ये सबैभन्दा बढी विद्युत् महसूल बक्यौता सडकबत्तीको छ। कुल ३३१ पालिकाको गत असारसम्मको सडकबत्तीको बक्यौता रकम रु छ अर्ब आठ करोड बराबर छ। अधिकांश पालिकाको बक्यौता २०७४ सालपछिको हो। प्राधिकरणले आफ्नो तेस्रो वित्तीय पुनर्संरचनाको एउटा प्रस्तावमा सडकबत्तीसहित सरकारी कार्यालयको नाममा रहेको महसूल बक्यौता सरकारसँगको हिसाबमा मिलान गर्ने उल्लेख थियो।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले अर्थ मन्त्रालयबाट सरकारी निकायको बक्यौता रकम हिसाबमिलान गर्न नसकिने र उक्त रकम सम्बन्धित कार्यालयबाटै असुलउपर गर्ने निर्णय भएको जानकारी प्राप्त भएको बताए। "विभिन्न सरकारी निकायबाट प्राधिकरणलाई भुक्तानी हुन बाँकी बक्यौतालाई सरकार र प्राधिकरणबीचको हिसाबमा मिलान गर्न प्रस्ताव गरेका थियौं, तर अर्थ मन्त्रालयबाट उक्त बक्यौता रकम ती निकायबाट असुलउपर गर्ने निर्णय भएको छ," कार्यकारी निर्देशक घिसिङले भने, "सोही आधारमा हामीले बक्यौता रकम असुलीको प्रक्रिया अगाडि बढाएका छौं।"

प्राधिकरणले सडकबत्तीको बक्यौता रकम तिर्न अनुरोध गर्दै ४५ दिनको समयावधि दिई गत २१ असोजमा सार्वजनिक सूचना प्रकाशित गरेको थियो।

प्राधिकरणले गत मङ्सिर ६ गते पुनः सार्वजनिक सूचनामार्फत सडकबत्तीको बक्यौता तिर्न पालिकालाई अनुरोध गरेको थियो। वितरण केन्द्रले आफ्नो क्षेत्रमा रहेका पालिकालाई बक्यौता तिर्न ताकेता गरिरहेको र नतिर्ने पालिकाको सडकबत्तीको लाइन काट्न शुरू गरिएको प्राधिकरण, वितरण तथा ग्राहक सेवा निर्देशनालयका उपकार्यकारी निर्देशक मनोज सिलवालले उल्लेख गरे।


प्राधिकरणको विद्युत् महसूल सङ्कलन विनियमावली, २०७८ मा मिटर रिडिङ गरेको ६०औं दिनसम्म विद्यत् महसूल नुबझाएमा विनासूचना जुनसुकै समयमा लाइन काट्न सकिने व्यवस्था छ। मिटर रिडिङ भएको १६औं दिनसम्म महसूल नतिरेमा थप दस्तुर आकर्षित हुने व्यवस्था छ। मिटर रिडिङ भएको मितिले १६औं दिनदेखि ३०औं दिनसम्म पाँच प्रतिशतका दरले र ३१औं दिनदेखि ४०औं दिनसम्म १० प्रतिशतका दरले थप दस्तुर लाग्ने प्रावधान छ।

मिटर रिडिङ भएको मितिले ४०औं दिनसम्म पनि विद्युत् महसूल नबुझाउने उपभोक्तालाई ४१औं दिनदेखि बिलको २५ प्रतिशतका दरले थप दस्तुर लाग्ने व्यवस्था छ।

यसरी २५ प्रतिशतका दरले थप दस्तुर लागेको ६०औं दिनसम्म पनि बक्यौता महसुल नबुझाउने उपभोक्ताको विद्युत् लाइन जुनसुकै बेला काट्न सकिने प्रावधान छ।

**एशियाली ...**

नगरपालिकासम्मका रूखमा नम्बरिङ र मूल्याङ्कनको काम गर्ने पराजुलीले




जानकारी दिए। झापाको काँकडभिट्टादेखि सुनसरीको लौकहीसम्मको सडक आसपासमा साल, खयर, सिसौ, शिरीष, पीपल, वर, कदम, मसलालगायत विभिन्न प्रजातिका रूख हुर्किएका छन्। उनका अनुसार कोही रूख ५० वर्षभन्दा पुराना छन् भने केही नयाँ पनि छन्।

"अब काम शुरू भएको छ," अधिकृत पराजुलीले भने, "चाँडै नै रूखको तथ्याङ्क सङ्कलन गरेर मूल्याङ्कन पनि गर्छौं।" उनले सामुदायिक वन क्षेत्रभित्र पर्ने रूख प्रक्रिया पूरा गरेर सामुदायिक वनलाई नै बिक्रीका लागि हस्तान्तरण गर्ने र बाँकी रहेका रूखलाई मूल्याङ्कनपछि बिक्री गरेर सरकारको राजस्वमा जम्मा गरिने जानकारी दिए।

एशियाली राजमार्ग अन्तर्गत पूर्वी सीमा काँकडभिट्टामा दुई वर्षअघि नै डेढ किलोमिटर भागमा मेची पुल र चार लेनको सडक निर्माण भइसकेको छ। बङ्गलादेशबाट भारतको बागडोग्रा हुँदै पानीटङ्की नाकाबाट नेपालतिर सोझिने एशियाली राजमार्गको रूट नं २ अन्तर्गत भारतले मेची नदीमा एशियाली राजमार्गस्तरकै पक्की चार लेनको पुल निर्माण गर्दा नेपालतिरको भागमा पहुँच सडक विस्तार गरेको हो। यही पहुँचमार्गलाई नेपालभित्र एशियाली राजमार्गको पहिलो संरचना मानिन्छ।

स्थलमार्गबाट एशियाका देशलाई जोडेर व्यापार र पर्यटन प्रवर्द्धन गर्ने मूल उद्देश्य बोकेको यस राजमार्गको अवधारणा हो। थाइल्यान्डको बैंककबाट शुरू हुने रूट-२ अन्तर्गत म्यान्मा, बङ्गलादेश र भारत हुँदै एशियाली राजमार्ग नेपालको काँकडभिट्टाबाट पूर्व-पश्चिम राजमार्गमा मिसिन्छ। यो राजमार्ग हालको पूर्व-पश्चिम राजमार्ग भएर पश्चिम नेपालको वनवासा हुँदै भारतको दिल्लीतर्फ सोझिने आयोजनाका उपनिर्देशक प्रदीप शाक्यले जानकारी दिए।

## बहुदरमाई नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
बहुअरी पिडरी, पर्सा
मधेस प्रदेश, नेपाल

## सेवा करारमा कर्मचारी पदमूर्ति गर्नेसम्बन्धी सूचना

पहिलोपटक प्रकाशित मितिः २०८०/०८/१८ गते सोमवार

बहुदरमाई नगरपालिकाको लागि तपसिलका पदहरूमा देहायको सङ्ख्या र योग्यता भएका कर्मचारी सेवा करारमा राख्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र)दिनभित्र कार्यालय समयभित्र तोकिएको शुल्क तिरेको रसिदसहित दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। यसको फाराम, दरखास्त दस्तुर, कार्यविवरण, पारिश्रमिक, सेवाका शर्तहरूसहितका विस्तृत विवरण कार्यालयबाट वा वेबसाइट http://www.bahudarmaimun.gov.np बाट उपलब्ध हुनेछ।

**तपसिल :**

| क्रसं | विज्ञापन नं | पद | तह | सङ्ख्या | परीक्षा दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ०५-२०८०/८१ | पशु चिकित्सक | अधिकृतस्तर छैटौं | १ (एक) | रु १०००/- | एक पालिका एक भेटेरिनरी डाक्टर |
| २ | ०६-२०८०/८१ | अमिन | सहायक चौथो | १ (एक) | रु ५००/- | |

१) **आवश्यक न्यूनतम योग्यता :**
   क) पशु चिकित्सक पदको लागि मान्यताप्राप्त विश्वविद्यालय वा शिक्षण संस्थाबाट पशु चिकित्सा विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेको र परिषद्मा दर्ता भएको।
   ख) अमिन पदको लागि मान्यताप्राप्त शिक्षण संस्थाबाट एसएलसी/एसइई वा सो सरह उत्तीर्ण गरी सर्भे वा जियोमेटिक्स विषयमा १ (एक) वर्षको तालीम प्राप्त गरेको।

२) **उमेरको हद :**
   क) पशु चिकित्सक पदको हकमा दरखास्त दिने अन्तिम मितिमा कम्तीमा २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको। .
   ख) अमिन पदको हकमा दरखास्त दिने अन्तिम मितिमा कम्तीमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको।

३) **सेवाको किसिम :** करार सेवा।

४) **दरखास्त बुझाउने स्थान :** बहुरदरमाई नगर कार्यपालिकाको कार्यालय, बहुअरी पिडरी, पर्सा।

५) **दरखास्त दिने अन्तिम मिति :** २०८०/०९/०२ गतेसम्म।

६) **छनोटको किसिम :** प्रारम्भिक योग्यताको सूची प्रकाशन, लिखित र अन्तर्वार्ता।

७) **परीक्षाको मिति :** यस कार्यालयको वेबसाइटमार्फत पछि प्रकाशित गरिनेछ।

८) **आवेदन साथ संलग्न कागजातहरू :**
   क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
   ख) न्यूनतम शैक्षिक योग्यताको लब्धाङ्क प्रमाणपत्रको प्रतिलिपि।
   ग) चारित्रिक प्रमाणपत्रको प्रतिलिपि।
   घ) परिषद् दर्ता प्रमाणपत्रको प्रतिलिपि (पशु चिकित्सकको हकमा)।
   ङ) कार्य अनुभव भएमा सोको प्रमाणपत्रको प्रतिलिपि।
   च) पासपोर्ट साइजको तीन प्रति फोटो .(पेश गरिने सबै प्रतिलिपिको पछाडि उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गरेको हुनुपर्नेछ)।

९) **पारिश्रमिक तथा करार अवधि :** स्थानीय तहले तोकेबमोजिम हुनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

# नारायणी अस्पतालको पिएनसी कक्षमा २५ शय्या थपिँदै

प्रस, वीरगंज, १७ मङ्सिर/

नारायणी अस्पताल, वीरगंजमा प्रसूतिपश्चात् हेरचाह गर्न आवश्यक पर्ने पोस्ट नेटल केयर (पिएनसी) कक्षको क्षमता वृद्धि गरिने भएको छ। अहिले अस्पतालमा उपलब्ध पोस्ट नेटल केयर कक्षले प्रसूतिको चाप थेग्न नसक्दा वीरगंज महानगरको पहलमा कन्साई नेरोलक पेन्ट जापान प्रालिले अस्पतालमा रु ४० लाखको लागतमा थप क्षमता वृद्धि गर्न लागेको हो। कन्साई नेरोलक पेन्ट जापान प्रालिले प्रसूति भएका आमा र



बच्चालाई राख्न हाल रहेको क्षमतामा २५ शय्या वृद्धि गर्न लागेको अस्पताल विकास समितिका अध्यक्ष धीरज गुप्ताले बताए।

उनले वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहको पहलमा कन्साई नेरोलक पेन्टस्, महानगर र अस्पतालबीच त्रिपक्षीय हस्ताक्षर भएको र सोमवारदेखि नै निर्माण कार्य शुरू गरिने बताए।

महानगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत अरविन्दलाल कर्ण, अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा चितरञ्जन साह र कन्साई नेरोलक पेन्ट्सका मनोज मिश्रले सम्झौतापत्रमा हस्ताक्षर गरेका थिए।

कार्यक्रममा नगरप्रमुख सिंहले अस्पतालमा गुणस्तरीय सेवा दिन र बिरामीमैत्री संरचना निर्माण गर्न निर्देशन दिए। उनले नारायणी अस्पतालको सेवा गुणस्तरीय बनाउन महानगरपालिकाले आइसियू सञ्चालनका लागि आवश्यक सहयोग गरेको, अस्पतालको बाह्य क्षेत्रको सरसफाइ गराउँदै आएको बताए। अस्पताल विकास समितिका अध्यक्ष गुप्ताले अस्पतालमा विद्यमान समस्याहरू सबैजना मिलेर समाधान गर्न सकिने बताए।

# मानवसेवा आश्रमलाई बलेरो गाडी हस्तान्तरण

प्रस, वीरगंज, १७ मङ्सिर/

मानवसेवा आश्रम, वीरगंजलाई उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री रमेश



बोलेरो गाडीको साँचो हस्तान्तरण गर्दै मन्त्री रिजाल (बायाँ)। तस्वीरः प्रतीक


रिजालले बलेरो गाडी हस्तान्तरण गरेका छन्।

हाल आश्रम रहेको वीरगंज महानगरपालिका–२५ मा आइतवार एक कार्यक्रममा मन्त्री रिजालले आश्रमका संस्थापक रामजी अधिकारीलाई गाडी हस्तान्तरण गरेका थिए। सो अवसरमा उनले राजनीतिबाट विश्राम लिएपछि आफू पनि मानवसेवा आश्रममा लागेर समाजसेवा गर्ने बताए। उनले आफूले आश्रमलाई सवारीसाधन सहयोग गर्ने वाचा गरेअनुरूप व्यवस्थापन गरेको बताए।

आश्रमका संस्थापक अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा पर्साका प्रमुख जिल्ला अधिकारी हीरालाल रेग्मी, वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष अनिल अग्रवाल, पूर्वअध्यक्ष गणेश लाठ, वयोवृद्ध समाजसेवी पशुपति विक्रम शाह, ब्रह्माकुमारी राजयोग सेवा केन्द्र, वीरगंजकी प्रमुख रविना दिदी, सामाजिक कार्यकर्ता प्रकाश थारू, नूतन सरावगीलगायतले सामाजिक कार्यमा आश्रमले गर्दै आएको कार्यको प्रशंसा गरे।

उनीहरूले समय परिस्थिति, पारिवारिक कलह, आर्थिक अवस्था कमजोर भएर सडकमा जीवन व्यतीत गर्दै आएकाहरूलाई आश्रममा स्थान दिएर हेरचाह गरी परिवारसँग पुनर्मिलनलगायतका कार्य गर्नु एकदमै पुण्यको काम भएको बताए। वक्ताहरूले आश्रमले गर्दै आएको सेवाभावबाट धेरैजनाको कल्याण भएको बताए। उनीहरूले सवारीसाधनको अभावमा उद्धार कार्य प्रभावित हुने गरेको र विभिन्न व्यक्ति, संस्थाको सहयोग लिनुपर्ने बाध्यता आगामी दिनमा नहुने र उद्धार कार्यले निरन्तरता पाउने दाबी पनि गरे।

कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी, पर्साकी उपाध्यक्ष मधु राणा, प्राडा दीपक शाक्य, वीउवासङ्घका वरिष्ठ उपाध्यक्ष हरि गौतम, जसपाल सिंह, डा आरके सिंह, रम्भा मिश्र, उषा शाहलगायतको सहभागिता थियो। कार्यक्रमको सहजीकरण दिवेश मानवसेवाले गरेका थिए।




## लायन्सद्वारा स्वास्थ्य शिविर

प्रस, वीरगंज, १७ मङ्सिर/

लायन्स क्लब इन्टरनेशनल–३२५ एसको आयोजनामा स्वास्थ्य शिविर सम्पन्न भएको छ।

लायन्स क्लब इन्टरनेशनल–३२५ एसको दोस्रो क्याबिनेट बैठकको अवसरमा शनिवार स्वास्थ्य शिविर सम्पन्न भएको लायन्सका राधेश्याम खेतानले बताए।

शिविरमा १३५ जनाको रक्तचाप, मधुमेहको परिक्षण गरिएको र निश्शुल्क औषधिसमेत वितरण गरिएको खेतानले जानकारी गराए। बैठकमा



सहभागीहरूको स्वास्थ्य अवस्था पनि दुरुस्त रहोस् भन्ने उद्देश्यका साथ शिविर आयोजना गरिएको उनले बताए। लायन्स क्लब इन्टरनेशनल–३२५ एसका अध्यक्ष डा पशुपति भट्ट, डा सफरोज अन्सारी, डा सञ्जय गुप्ता, डा शिलु, डा सिमरन झा, डा आस्था उपाध्याय, डा राजेश गुप्ताले स्वास्थ्य परीक्षण गरेका थिए।

कार्यक्रममा लायन्सका देवकीनन्दन अग्रवाल, रमेश अग्रवाल, अमरबहादुर श्रेष्ठ, राजकुमार सिन्धी, शम्भु नकर्मी, तासी डोल्मा, विनय बस्नेत,लगायतको सहभागिता थियो।

# खेलकूदको संसार

## नेपाल सुपर लिग फूटबलमा बुटवल लुम्बिनीको पहिलो जीत

काठमाडौं, १७ मङ्सिर/रासस

एफसी बुटवल लुम्बिनीले नेपाल सुपर लिग (एनएसएल) फूटबल प्रतियोगितामा पहिलो जीत दर्ता गराएको छ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा आइतवार भएको खेलमा बुटवल लुम्बिनीले स्पोर्टिङ इलाम एफसीलाई २–१ गोलअन्तरले पराजित गर्दै प्रतियोगितामा पहिलो जीत दर्ता गराएको हो। लुम्बिनीको जीतमा स्टेफन बियोङ र एरिक विष्टले गोल गरे।

इलामका लागि भने अब्दुलाये बाले एक गोल फर्काए। बुटवलले खेलको ४८औं मिनेटमा पहिलो गोल गरी अग्रता लिएको थियो। बुटवलका फरवार्ड जिलेस्पी जङ्ग कार्कीले निकालेको क्रसमा बियोङले गोल गर्दै बुटवललाई पहिलो अग्रता दिलाएको हो।

त्यस्तै, खेलको ७९औं मिनेटमा इलामका अब्दुलाये बाले गोल गर्दै खेललाई एक/एक गोलको बराबरीमा ल्याए। उनले अमथ एनडाको पासमा बराबरी गोल फार्काएका हुन्। त्यसपछि खेल सकिन तीन मिनेट बाँकी छँदा बुटवलका कप्तान एरिक विष्टले गोल गर्दै टोलीको जीत सुनिश्चित गरे। यो जीतसँगै तीन खेलमा बुटवल लुम्बिनीले तीन अङ्क जोडेको छ। समान तीन खेल नै खेलेको इलामको पनि समान तीन अङ्क नै छ।

## सुभयान कुण्डुले जीते हेटौंडा कप बुद्धिचालको उपाधि

मनहरी, १७ मङ्सिर/रासस

नेपाल बुद्धिचाल महासङ्घको तत्त्वावधानमा छ दिनसम्म सञ्चालन भएको एशियन खुल्ला रेटिङ हेटौंडा कप बुद्धिचाल प्रतियोगिताको उपाधि भारतका दुई हजार ३९३ रेटेड शीर्ष खेलाडी सुभयान कुण्डुले जीतेका छन्।

उनले नौ चरणको प्रतिस्पर्धामा छ जीत र तीन बराबर परिणाम निकाल्दै अपराजित ७.५ अङ्क बनाएर नगद एक लाख २५ हजार पुरस्कार राशि हात पार्न सफल भएका हुन्। कुण्डुले अन्तिम खेल बराबर गर्दा उपाधि आफ्नो नाममा रहने भएपनि बङ्गलादेशका एफएम शरीफ हुसेनमाथि जीत हात पार्दै एकल विजेता बनेका हुन्।

नेपाल खेलकूद महासङ्घ र जिल्ला बुद्धिचाल सङ्घको संयुक्त आयोजनामा भएको प्रतियोगितामा सात/सात अङ्क जोड्दै उपविजेता बनेका बङ्गलादेशका आइएम मोहम्मद मीनहाज उद्दिनले नगद रु ७५ हजार र तेस्रो स्थानमा भारतका एफएम अरविन्दरप्रीत सिंहले नगद रु ४० हजार जित्न सफल भए।

अन्तर्राष्ट्रिय प्रतियोगितामा बङ्गलादेशका मो शरीफ हुसेन, भारतका अमरदीप बर्तके, बङ्गलादेशका आइएम अबु सुफिन सकिल, एफएम नारिक शेख, भारतका राहुल गुरुङ, एएफएम सौरभ चौबे र भारतका महिला खेलाडी मारियम फातिमा सबैले ६.५ अङ्क प्राप्त गर्दै चौथौंदेखि १०औं स्थानमा समेटिन सफल भएका थिए।

हेटौंडा चेस क्लबको व्यवस्थापन रहेको चेस प्रतियोगितामा एफएम नयम हक ११औं, नेपालका एआइएम शुश्रुत दाहाल १२औं, डेबोस्निक १३औं, आशिष राज १४औं र भारतका आदित्य बर्तके १५औं स्थान हासिल गर्न सफल भएका थिए।

यसैगरी, उत्कृष्ट स्थानीय खेलाडी झिल्के मोक्तान, बेस्ट भेटेरान देव कान्तिलाल प्रथम र नेपालका मोहन सिंह प्रधान दोस्रो, उत्कृष्ट महिला खेलाडी श्रीलङ्काकी सचिनी रानासिङ्गे प्रथम, इसानाभी दोस्रो भए।

मकवानपुर जिल्ला बुद्धिचाल सङ्घका अध्यक्ष मनोज श्रेष्ठको अध्यक्षतामा पुरस्कार वितरण एवं समापन समारोहमा बाग्मती प्रदेशका सामाजिक विकासमन्त्री कुमारी मोक्तानको प्रमुख आतिथ्य थियो। कार्यक्रममा नेपाल बुद्धिचाल महासङ्घका अध्यक्ष हीराकाजी महर्जन, नेपाल खेलकूद महासङ्घका अध्यक्ष परशुराम बस्नेत, प्याब्सन बाग्मती प्रदेश अध्यक्ष केशवलाल श्रेष्ठबाट विजयी खेलाडीलाई नगद, ट्रफी, पदक र प्रमाणपत्र वितरण गरिएको थियो।

# राधादेवी मेमोरियल स्कूलको व्यवस्थापन महानगरले गर्ने

प्रस, वीरगंज, १७ मङ्सिर/

वीरगंज महानगरपालिका–६ आदर्शनगरस्थित राधादेवी मेमोरियल



लायनेस स्कूल अबदेखि वीरगंज महानगरपालिका र लायन्स क्लबले संयुक्तरूपमा सञ्चालन गर्ने भएका छन्।

सो विद्यालय सञ्चालनको लागि ४२ वर्षअघि मुरलीधर शर्माकी आमा स्व राधादेवीले लायनेस क्लबलाई विद्यालय सञ्चालनका लागि जग्गादान गरेकी थिइन्। पछिल्लो समय विद्यालय सुस्त गतिमा सञ्चालन भएको थियो। हाल सो विद्यालयमा करीब दुई सय बालबालिका अध्ययनरत छन्। लायनेस क्लबले पनि खासै वास्ता नगरेको कारण विद्यालयको पठनपाठन प्रभावित हुँदै आएको थियो। विद्यालयलाई पुरानै लयमा पुऱ्याउनका लागि महानगरले लायनेस क्लबसँग सहकार्य गरेर अगाडि बढ्ने जिम्मेवारी उठाएको हो।

नगरप्रमुख राजेशमान सिंहले बेवारिसे अवस्थाबाट गुज्रिरहेको विद्यालयको लायनेस क्लबसँग सहकार्य गरेर व्यवस्थापन गर्ने बताए। उनले विद्यालय निर्माणको लागि जग्गादान गर्ने राधादेवीलाई स्मरण गर्दै उनका छोरा मुर्लीधर शर्मा र बुहारी विमलादेवी शर्मालाई दोसल्ला ओढाएर प्रशंसापत्रसहित अभिनन्दन गरे। उनले जग्गादाता परिवार लायनेसको सोच अनुसार पठनपाठनको व्यवस्था गर्ने बताए।

कार्यक्रममा वीरगंज उद्योग वाणिज्य सङ्घका पूर्वअध्यक्ष अशोक बैदले बेवारिसे अवस्थामा रहेको विद्यालयलाई पुनर्जीवन दिन महानगरले थालेको कदमको सराहना गरे।

विद्यालय सञ्चालनका लागि २०३८ असार १५ गते सात कट्ठा पाँच धुर जग्गा विद्यालयको नाममा रजिस्टर्ड गरिएको थियो तर केही वर्षअघि सो विद्यालयलाई दान गरिएको जग्गाको विषयलाई लिएर दाता परिवार र लायनेसबीच मतभेद बढेको थियो। दाताले लायनेस क्लबले विद्यालय सञ्चालनमा रुचि नदेखाएको र विद्यालयले आशाप्रदरूपमा गति लिन नसकेको भनेर असन्तुष्टि जाहेर गरेपछि विवाद बढेको थियो। विद्यालय सञ्चालनको अभिभारा महानगरले लिने भएपछि दाता परिवारका शर्माले सन्तुष्टि जाहेर गरेका छन्।

लायन्स क्लब अफ वीरगंजका अध्यक्ष पप्पु श्रीवास्तवको अध्यक्षतामा भएको कार्यक्रममा महानगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत अरविन्दलाल कर्ण, वडाध्यक्ष जयप्रकाश साह, प्रदीप चौरसिया, लायन्स क्लब अफ वीरगंजका पूर्वअध्यक्ष बलराम श्रेष्ठ, छेदुप लामा, विनीत जयसवाल, ग्रीनसिटी सामुदायिक सेवा केन्द्र, आदर्शनगरका अध्यक्ष प्रकाश खेतानलगायतको सहभागिता थियो।

## महिला हिंसा रोकौं: असल समाज निर्माण गरौं

- महिलालाई कुनै पनि प्रकारको मानसिक र शारीरिक पीडा हुने घटना महिला हिंसाका घटना हुन्।
- महिलामाथि हुने बलात्कार, घरेलु हिंसा, यौन उत्पीडन, तेजाब आक्रमण, महिला शिशु हत्या, भ्रूण हत्या, प्रसूति हिंसा, दाइजोका कारण गरिने हिंसा, बोक्सीको आरोप, जबरजस्ती विवाह, बालविवाह, बहुविवाह, कुटपिट, मानसिक यातना, धम्क्याउने, जिस्काउने जस्ता कार्य महिला हिंसा हुन्।
- यस्ता घटनाहरू नजीकका आफन्त तथा नातेदार, छिमेकी, साथीभाइ, सहकर्मी र अपरिचित व्यक्तिबाट प्रत्यक्ष वा सामाजिक सञ्जाललगायतका माध्यमबाट समेत हुन सक्छ।
- यस्ता घटना भएमा तत्काल प्रहरीमा खबर गरौं, त्यस्ता व्यक्तिलाई कानूनी दायरामा ल्याऔं।

महिला हिंसाविरुद्धको अभियान सफल पारौं।

नेपाल सरकार
विज्ञापन बोर्ड